म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १५९ आइतबार, ६ माघ २०८१ ने. सं. ११४५ पोहेलागा 19 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बेसार बजारीकरण गर्न मकवानपुरगढीमा छलफल

हेटौंडा, ५ माघ/मकवानपुरगढी गाउँपालिका-५ सिमलटारमा बजारपात्रसँग बजारिकणसम्बन्धी एकदिने अन्तरक्रिया गरिएको छ । बुङ्दल सामूदायिक वन उपभोक्ता समूहको आयोजनामा कृषि तथा वन सहज कार्यक्रमको सहकार्यमा अन्तरक्रिया गरिएको हो । वन समूहका अध्यक्ष भीमबहादुर अधिकारीको अध्यक्षतामा भएको अन्तरक्रियामा सामूदायिक वन उपभोक्ता महासंघ (फेकोफन)का जिल्ला कोषाध्यक्ष बलराम अधिकारी, वन समूहका सल्लाहकार चन्द्रप्रसाद दुलाल, फेकोफनका जिल्ला सदस्य संगीता घिमिरे, कार्यक्रम कोर्डिनेटर सन्ध्या शिवाकोटी, बुङ्दल महिला कृषि आयआर्जन समूहका अध्यक्ष विन्दा लामिछाने गौतमलगायत विभिन्न किराना व्यवसायीको सहभागिता रहेको थियो । वनक्षेत्रमा बेसार उत्पादन गर्दै आइरहेको बुङ्दल महिला कृषि आयआर्जन समूहलाई लक्षित गरी उत्पादित बेसारलाई कसरी बजारिकण गर्न सकिन्छ ? भनेर अन्तरक्रिया राखिएको समूहका अध्यक्ष अधिकारीले बताए । वेसार खेतीको वार्षिक कार्यक्रमअन्तरगत शनिबार व्यवसायी र उत्पादन गर्ने समूहबीच अन्तरक्रिया भएको हो । उत्पादित वस्तुलाई बजारिकरणमा पर्ने समस्या, चुनौतीको समाधान गर्न सकिने सवालमा छलफल गरिएको थियो ।

### यातायात उपभोक्ता सहकारीको १६ औं साधारणसभा

# उपभोक्ताले लगेको उधारो नउठेपछि चालुपुँजी अभाव

साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/ यातायात व्यवासायी उपभोक्ता सहकारी संस्थाको शनिबार हेटौंडामा भएको १६ औं वार्षिक साधारणसभाले सहकारीको ब्यवसाय बृद्धि गर्न बैकल्पिक ब्यवस्था गर्ने निर्णय गरेको छ । सहकारीका सदस्यले उधारो रकम नतिर्दा चालुपूँजीको अभाव भएको बताइएको छ ।



साधारणसभा उद्घाटन गर्दै नारायणी यातायात व्यवसायी संघका अध्यक्ष, नेपाल ट्रक ब्यवसायी महासंघका अध्यक्ष तथा सहकारीका सल्लाहकार हीरालाल श्रेष्ठले २०७५ पछिका दिनमा नेपालमा सबैखाले ब्यवसायमा समस्या आएको बताए । प्रमुखअतिथि श्रेष्ठले सहकारीकै कारण ब्यवसायी उपभोक्तामाझ मोटर पार्टस्, लुब्रिकेन्ट्स, टायर आदिको बजार मूल्य नियन्त्रण गर्न महत्वपूर्ण योगदान गरिरहेको दाबी गरे । सहकारीले सरल मूल्यमा पार्टस् तथा टायर सवारीधनी उपभोक्तालाई उपलब्ध गराएकै कारण बजारमूल्य नियन्त्रणमा रहेको भन्दै अध्यक्ष श्रेष्ठले यातायात ब्यवसायी बचाउन पनि सहकारी सक्षम हुनुपर्ने बताए ।

सहकारीका अध्यक्ष किरण पौडेलले २०६ जना सेयर सदस्य मिलेर १६ वर्षअघि स्थापना गरेको सहकारीमा पछिल्ला वर्ष सदस्य छोड्ने प्रबृत्ति बढ्दै गएर हाल एक सय ५९ मा झरेको बताए । सहकारीमा सेयरसदस्य बृद्धि हुँदै जानुपर्ने अवस्थामा झन घट्दै गएको पौडेलले बताए । १५९ सेयर सदस्यको ४ करोड ९९ लाख ७३ हजार सेयरपूजी र ८३ लाख ४३ हजार रुपैयाँ बचत रहेको अध्यक्ष पौडेलले जानकारी दिए । सहकरीका सबै सेयर सदस्य तथा कर्मचारीको ७ लाख रुपैयाँको दुर्घटना बीमा गरिएको सहकारीका सचिव देवनाथ लामिछानेले बताए ।

यातायात व्यवसायीले आफ्नो सवारी साधनमा गुणस्तरीय पेट्रोलियम, टायर, लुब्रिकेन्टस् र स्पेयर पार्टस् प्रयोग गर्ने वातावरण सहकारीले उपलब्ध गराएको स्पष्ट पार्दै अध्यक्ष पौडेलले सहकारीका ५० भन्दा बढी सेयरसदस्यले ९५ लाख रुपैयाँ भन्दा बढी रकम लामो समयदेखि उधारो नतिरेका कारण चालुपूँजी नै अभाव भएको बताए । संघले संचालन गरेको गोसाईंकुण्ड आयल डि. को सेयरस्वामित्व सहकारीमा रहने गरी काम गरिएको बताइएको छ । २०६५ चैत १२ मा सहकारी दर्ता गर्दा एक करोड ३३ लाख रुपैयाँ सेयरपूँजी रहेको थियो ।

सहकारीका पूर्वअध्यक्ष तथा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटले यातायात ब्यवसाय नै संकटमा परि रहेको अवस्थामा सहकारी संस्थामा समस्या आउनु सामान्य मान्दै संघसँग सहकार्य गरी आगामी दिनमा प्रभावकारी रुपमा अगाडि बढ्नुपर्ने बताए । कार्यक्रममा सेयरसदस्य बद्रीप्रसाद चौलागाई, सहकारीका कोषाध्यक्ष कुमार बर्तौलाले सहकारीले सोचे अनुरुप लगानीको प्रतिफल प्रदान गर्न नसकेको गुनासो गरेका थिए ।

गत आर्थिक वर्षमा सहकारीले गोसाईकुण्ड आयल सेन्टरतर्फ २३ करोड ४४ लाख ८५ हजारको कारोबार गरी एक लाख ३८ हजार रुपैयाँ मुनाफा आर्जन गरेको प्रतिबेदनमा उल्लेख गरिएको छ । त्यस्तै सहकारीले संचालन गरेको मोटरपार्टस्बाट ३ करोड १८ लाख ९४ हजार रुपैयाँको कारोबार गरी ६ लाख ३५ हजार रुपैयाँ मुनाफा गरेको प्रतिबेदनमा छ । सहकारीमा १० जना कर्मचारी रहेका छन् ।

सहकारीका सल्लाहकार सरोजकुमार खनाल, अर्जुन शर्माकँडेल, नारायणी पेट्रोलियम बिक्रेता संघका अध्यक्ष उत्सव ईंटेनी, पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष भानुभक्त आचार्य, सहकारी संघ मकवानपुरका सहसचिव भोगेन्द्र लुईंटेललगायतको उपस्थिति रहेको थियो । सहकारीले मउवासंघमा नवनिर्वाचित अध्यक्ष प्रमोदसिंह रानाभाट र सचिव कुलप्रसाद चौलागाईंलाई दोसल्ला ओढाएर स्वागत तथा सम्मान गरेको थियो ।

# योजना बैंकको अवधारणा कार्यान्वयनमा ल्याइने



साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माण गर्दा योजना बैंकको अवधारणालाई कार्यान्वयनमा ल्याउने बताएका छन् ।

बागमती प्रदेशमा लामो समयदेखि योजना बैंक कार्यान्वयनको चर्चा हुँदै आएपनि कार्यान्वयन नभएको अवस्थामा प्रदेश समन्वय परिषद्को पाँचौं बैठकको समापनमा योजना बैंक कार्यान्वयन गर्ने निर्णय भएको बताइएको छ । मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको आयोजनामा भएको प्रदेश समन्वय परिषद्को बैठकको समापनमा मुख्यमन्त्री लामाले पहुँचका आधारमा योजना छनोट गर्ने प्रवृत्ति अन्त्य गर्न आवश्यक भएको बताए ।

मुख्यमन्त्री लामाले आफू आर्थिक मामिला तथा योजनामन्त्री हुँदा ५४ वटा योजनालाई आवश्यकताको सिद्धान्त अनुसार ३२ वटा योजनामा झारेको बताए । उनले पछि पुन: टुक्रे योजना थपेर पुरानै स्थिति दोहोरिएको भन्दै प्रदेशभित्र आवश्यक स्थानमा सडक, पुल लगायत ठुला लगानीका योजना बनाउँदा पर्याप्त हुने बताए । बजेट बनाउने समयमा योजना खल्तीबाट झिक्ने प्रचलनको अन्त्य गर्न आवश्यक भएको बताउँदै मुख्यमन्त्री लामाले भने, 'अब हामीले विकासको मोडल परिवर्तन गर्नु जरुरी छ' उनले अगाडि भने, 'डाँडामा भ्युटावर निर्माण गर्छौं, भ्युटावर त डाँडामा होइन, सहरमा बनाउने हो । पर्यटनक्षेत्रको विकास गर्ने भन्यौं तर, त्यसको आधार छैन । सबै हचुवाका भरमा लगानी भएको छ, लगानीको प्रतिफल प्राप्त गर्न निकै कठिनाइ देखिँदै छ ।'

सम्भाव्यता अध्ययन बिनाको लगानीबाट प्रतिफल प्राप्त गर्न नसकिने बताउँदै उनले अध्ययनबिना प्रदेशले लगानी गर्ने प्रवृत्तिको अन्त्य गरिनुपर्ने कुरामा जोड दिए । सञ्चालन कार्यविधिबिना नै धुलो दुग्ध उत्पादन कारखाना (पाउडर प्लान्ट) र तरकारी थोकबजार बनाएको बताउँदै उनले भूकम्पपछि गाउँमा योजना गए, संरचना बने पनि गाउँबाट स्थानीयबासी सहरतर्फ बसाइँसराइ गर्न थालेकाले विकासको मोडालिटी पनि परिवर्तन गर्नुपर्ने धारणा राखे ।


प्रदेश र स्थानीय तह बीचको समन्वय र अन्तरसम्बन्धलाई व्यवस्थित गर्न बसेको प्रदेश समन्वय परिषद्को बैठकमा प्रदेशभित्र प्रदेश सरकार र स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना वा साझा अधिकारका विषयको कार्यान्वयनको अवस्था, स्थानीय तहको समस्या र अन्तरसम्बन्धबारे छलफल गरिएको थियो ।

बैठकमा जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोक प्रमुख दीपककुमार गौतम, रामेछाप नगर पालिका प्रमुख लवश्री न्यौपाने, बुढानीलकण्ठ नगरपालिका प्रमुख मीठाराम अधिकारी, बोलकोटगढी नगरपालिका प्रमुख जगतबहादुर गुरुङ, गाउँपालिका राष्ट्रिय महासंघ बागमती प्रदेश अध्यक्ष कर्णबहादुर मगर, बिगु गाउँपालिका अध्यक्ष सञ्जीव ओली, ईच्छाकामना गाउँपालिका अध्यक्ष दानबहादुर गुरुङ, उत्तरगया गाउँपालिका उपाध्यक्ष चमेली गुरुङलगायतले अनुदान, योजनालगायत विषयमा बोलेका थिए ।

प्रदेश तथा स्थानीय तहका कर्मचारी व्यवस्थापनबारे छलफल गर्दै प्रशासनिक संघीयता कार्यान्वयनका आधारतयार गर्न जोड दिए । बैठकमा प्रदेश सरकारबाट स्थानीय तहमा विगत तीन वर्षमा भएको वित्तीय हस्तान्तरण, राजस्व बाडँफाँड र त्यसलाई प्रभावकारी बनाउन प्रदेश समन्वय परिषद्ले गर्नुपर्ने निर्णयका लागि आवश्यक सुझाव र प्रदेश र स्थानीय तहको राजस्व व्यवस्थापनलाई प्रभावकारी बनाउन गर्नुपर्ने सुधारबारे छलफल गरिएको थियो ।

शुक्रबार समापन भएको बैठकमा प्रदेश मन्त्रीपरिषद्का सदस्य रहेका जिल्ला समन्वय समिति प्रमुखहरु, हेटौंडा उपमहानगर पालिका प्रमुख मीनाकुमारी लामा, नगरपालिका प्रमुखहरु, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षहरु, प्रदेश सरकारका सचिवलगायतको सहभागिता रहेको थियो ।

# मकवानपुरमा डेंगु संक्रमण २५ सय पुग्यो




साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/ मकवानपुरमा डेंगु सङ्क्रमितको संख्या दिनहुँ बढ्दै गएको छ । चिसो मौसममा पनि डेंगु सङ्क्रमित दैनिक थपिदै गएका छन् । मकवानपुरमा पछिल्लो २४ घण्टामा ५ जनामा थप डेंगु सङ्क्रमित फेला परेका हुन् ।

चालु आर्थिक वर्ष २०८१/८२ को छ महिनाको अवधिमा मकवानपुरमा डेंगु सङ्क्रमित संख्या दुई हजार ४९८ पुगेको छ । गत आर्थिक वर्षमा मकवानपुरमा ८९१ जनामा डेंगु भएकोमा चालु आवको छ महिनामै डेंगु सङ्क्रमण ह्वात्तै बढेको तथ्यांक छ ।

जनस्वास्थ्य कार्यालय मकवानपुरका अनुसार एक हजार २९४ पुरुष र एक हजार २०४ जना महिलामा डेंगु सङ्क्रमण पुष्टि भएको छ । चिसो बढेपनि डेंगु सङ्क्रमण पुष्टि हुने क्रम रोकिएको छैन । जनस्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेका अनुसार सबैभन्दा धेरै हेटौंडा उपमहानगरमा डेंगु सङ्क्रमित भेटिएका छन् । यहाँ एकहजार ८ पुरुष र ९५७ महिला गरी एक हजार ९६५ जनामा डेंगु सङ्क्रमण पुष्टि भइसकेको छ ।

मनहरी गाउँपालिकामा २७५ जना, मकवानपुरगढीमा ५६, भीमफेदी गाउँपालिकामा ४४ जना, बकैया गाउँपालिकामा २८, थाहा नगरपालिकामा १३, कैलाशमा ११, राक्सिराङ गाउँपालिकामा १०, बागमतीमा ६ जनामा डेंगु पुष्टि भएको हो । अन्य जिल्लाका ४८ जना र ठेगाना नखुलेको ४२ जनामा डेंगु पुष्टि भइसकेको छ । जिल्लाको इन्द्रसरोवरमा डेंगु सङ्क्रमितको संख्या शून्य छ ।

डेंगुबाट बच्न घरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएको हुँदा पानी जम्न नदिने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली लगाउन, पूरै शरीर ढाक्ने लुगा लगाउन जनस्वास्थ्य कार्यालय मकवानपुरले आग्रह गरेको छ । त्यस्तै मकवानपुरमा स्क्रव टाइफस्का बिरामीको संख्या ४७६ पुगेको तथ्यांक छ । बितेको २४ घण्टामा ७ जना थप स्क्रव टाइफस्बाट प्रभावित भएका हुन् । जनस्वास्थ्य कार्यालय मकवानपुरका अनुसार चालु आर्थिक वर्षको छ महिनाको अवधिमा ३१८ महिला र १५८ पुरुष स्क्रव टाइफस्बाट प्रभावित बनेका हुन् ।

हेटौंडा उपमहानगर पालिकामा २९६, मकवानपुरगढीमा ६३, मनहरीमा ३१, बकैयामा २८ जना र भीमफेदीमा २० जना, राक्सिराङमा ७ जना स्क्रव टाइफस्बाट प्रभावित भएका छन् । बागमतीमा ४ जना, कैलाशमा ५, इन्द्रसरोवरमा एकजना प्रभावित भएका छन् । जनस्वास्थ्य कार्यालयका अनुसार अन्य जिल्लाका १६ र ठेगाना नखुलेका ५ जना स्क्रव टाइफस्बाट प्रभावित भएका छन् ।

# झाँक्रीले गरिन् सय वर्षका चेपाङ दम्पतिलाई घर हस्तान्तरण



साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/भौतिक तथा सहरी विकास पूर्वमन्त्री रामकुमारी झाक्रीले राक्सिराङ गाउँपालिका-५ साचकनिवासी सहाराबिहिन, निसन्तान चेपाङ दम्पतीलाई बस्नको लागि आवास सहित अक्षयकोष हस्तान्तरण गरेकी छन् ।

राक्सिराङ गाउँपालिका-५ साचकनिवासी वृद्ध दम्पति जयराम प्रजा (१०० वर्ष) र लक्ष्मी प्रजा (९० वर्ष) का लागि खाना र बस्न निकै समस्या देखेपछि सामाजिक अभियान्ता रेखा लोप्चन तामाङले उनीहरुलाई खान र बस्नको लागि सहयोग गरिदिने प्रतिबद्धता ब्यक्त गरेका थिइन् । १ दशकदेखि सामाजिक क्षेत्रमा निरन्तर लागि पर्दै आएकी लोप्चनले देशका सीमान्तकृत समुदाय र असहायलाई घर बनाईदिने, खाद्यान्न र लत्ताकपडा सहयोग गर्दै आइरहेका छन् । हालसम्म उनले सामाजिककार्य गरेको आधारमा ७ वटा राष्ट्रिय पुरस्कार पाएकी छिन् ।

मकवानपुरका सहारा बिहिन चेपाङ दम्पतिलाई तीन महिना अघिमात्रै राहत बितरणको क्रममा पुग्दा गाउँमा नाजुक अवस्थामा भेटिएको थियो । खानेकुरा केही नभएको र बस्ने घर जीर्ण अवस्थामा देखेपछि लोप्चनले उनीहरुलाई खाना र बस्नको लागि ब्यबस्थित घर बनाइदिने वचन दिएकी थिइन् । लोप्चनले सामाजिक सञ्जालमार्फत् सहारा बिहिन दम्पतिको लागि घर बनाउन सहयोगको अपिल गरेकी थिइन् ।

स्वदेश तथा विदेशमा रहेका मनकारी ब्यक्तिले सहयोग गरी घर निर्माण तथा तत्काल आवश्यक सामग्री खरिद गरी चेपाङ परिवारलाई हस्तान्तरण गरिएको लोप्चनले जानकारी दिइन् । घर निर्माणको लागि अमेरिका जर्जिया, स्नेलभिल निवासी कर्णबहादुर गुरुङ तथा प्रेमा गुरुङका छोराहरु सलिन गुरुङ र समिन गुरुङको आर्थिक सहयोग प्राप्त भएको हो ।

घर निर्माणको लागि ३ लाख रुपैयाँ खर्च भएको र नगद ३ लाख रुपैयाँ संकलन गरी चेपाङको नाममा बैंक खाता खोली राखिदिने ब्यबस्था गरेको बताइएको छ । उनीहरुलाई न्यानो कपडा, खानेकुरा, ग्यासचुलो, भाँडाकुँडा ब्यबस्था गरिएको छ । तीन महिनासम्म चलेको अभियानबाट उनीहरुलाई बाचुन्जेल खान, बस्न ब्यस्थापन भौतिक तथा सहरी विकास पूर्वमन्त्री झाँक्री आएकी हुन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# फास्टट्र्याकमा बिलम्ब नहोस्

२०६४ मा बुधुनेमा पहिलोपटक आधादर्जन मन्त्रीले पिक, साबेल चलाएर फास्टट्र्याक शीलान्यास गरेका थिए । पहिलोपटक शिलान्यास गर्दा यसको लागत ७४ अर्ब रुपैयाँमा निर्माण सम्पन्न गरिने भनियो । त्यसपछि पाइलट ट्र्याक खन्न थालियो तर, कछुवागतिमा । एकदसकमा पनि पाइलट ट्र्याक खनेर सकिएन । दोस्रोपटक पुन शीलान्यास गरियो र १ खर्ब ७५ अर्ब रुपैयाँ लगानीमा सम्पन्न गर्ने भनियो । यो कुरा पनि मकवानपुरबासीले पत्याइदिए । फेरि तेस्रोपटक शीलान्यास भयो र लागत बढेर २ खर्ब १२ अर्ब रुपैयाँ पुर्‍याइयो । यो आयोजना सम्पन्न हुँदासम्म कति रुपैयाँ खर्च हुने हो त्यो अहिले नै भन्न सकिन्न । अपर तामाकोशी हाईड्रो सुरु गर्दा ३४ अर्ब रुपैयाँमा निर्माण गर्ने भनियो र सर्वसाधारणले सक्को सेयर खरिद पनि गरे । तर, आयोजना सकिने बेलामा लागत बढाएर ९० अर्ब रुपैयाँ पुर्‍याइयो । मेलम्ची खानेपानीको हालत पनि अपर तामाकोशी भन्दा झन कहालीलाग्दो बनेको छ । अझैसम्म पनि मेलम्ची सम्पन्न हुन सकेको छैन । काठमाडौंलाई तराइसँग जोड्ने फास्टट्र्याक नेपालको लागि 'गेम चेन्जर प्रोजेक्ट' मानिएको छ । तर, यसलाई पनि 'लैनो गाई' बनाउने प्रयास नहोला भन्न सकिन्न ।

सर्वसाधारणले यस्तो अवस्थामा खबरदारी गर्नैपर्छ । राष्ट्रपति रामचन्द्र पौडेल निजगढ-काठमाडौं द्रुतमार्गको निरीक्षण गरेका छन् । नेपाली सेनाको हेलिकप्टरमार्फत मकवानपुरको बकैया-११ स्थित लेनडाँडा आइपुगेर राष्ट्रपति पौडेलले द्रुतमार्गको निरीक्षण गरेका हुन् । उनले तराइलाई काठमाडौं जोड्ने द्रुतमार्गको निरीक्षण गरेका छन् । निर्माणाधीन सुरुङ, पुल र सडकको अवलोकन गर्नुका साथै आयोजना सम्पन्न गर्न भइरहेका प्रयास र प्रयत्नलगायत विषयमा आवश्यक जानकारी लिएको राष्ट्रपतिको कार्यालयले जनाएको छ । निरीक्षणपछि राष्ट्रपति पौडेलले आयोजनालाई तोकिएको समयावधिभित्र पूरागर्न उच्चमनोबलका साथ काम गर्न नेपाली सेनालाई निर्देशन दिएका छन् । सबैभन्दा प्राथमिकतामा रहेको फास्टट्र्याक नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको छ । काठमाडौं, ललितपुर, मकवानपुर हुँदै बाराको निजगढमा पूर्वपश्चिम राजमार्गसँग जोडिने द्रुतमार्ग निर्माणपछि मुलुकको विकास र समृद्धिमा ठुलो योगदान पुग्ने अपेक्षा राखिएको छ । फास्टट्र्याकको भौतिक प्रगति साढे ३७ प्रतिशत पुगेको बताइएको छ । आयोजनाको वित्तीय प्रगति ३९.५६ प्रतिशत रहेको छ । आयोजना निर्माणको क्रममा हालसम्म ७२ अर्ब ४१ करोड रुपैयाँ खर्च भएको छ । राष्ट्रपति पौडेलले आयोजनालाई तोकिएको समयभित्र सम्पन्न गर्नेगरी काम गर्न निर्देशन दिए । कुल ७१ किलोमिटर लम्बाइको फास्टट्र्याक २०८३ चैत मसान्तमा सम्पन्न गर्ने लक्ष्य छ । द्रुतमार्ग पहाडी भू-भागमा २५ मिटर र तराई भू-भागमा २७ मिटर फराकिलो हुनेछ ।

आयोजनाअन्तर्गत ललितपुरमा ९, काठमाडौंमा ४.६, मकवानपुर ४९.७७ र बारामा ७.६ किमि सडक रहनेछ । द्रुतमार्गमा १०.९७९ किमि लम्बाइका ७ वटा सुरुङ रहने छ । हालसम्म लेनडाँडाको १६१२ मिटर, धेद्रेको १७२८ मिटरको सुरुङ ब्रेक थ्रु भइसकेको छ । ३३५५ मिटर लामो महादेवटार सुरुङको ६५ प्रतिशतभन्दा बढी काम सकिएको छ । १ हजार मिटर लामो देवीचौर, ३९० मिटर लामो सिसौटार र २ हजार २५० मिटर लामो चन्द्रामभीर सुरुङको पोर्टल तयारीकार्य भइरहेको बताइएको छ । ५८३ मिटरको मौरीभीर सुरुङको खरिद सम्झौताका लागि मन्त्रिपरिषद्बाट स्वीकृत भएको सेनाले जनाएको छ । यो सडकमा विभिन्न स्थानमा कुल १२.८८५ किमि लम्बाइको ८९ वटा पुल निर्माण हुनेछ । तीमध्ये ८५ स्थानमा निर्माण हुने पुलको खरिद सम्झौता सम्पनन भएको छ । ८१ मिटरसम्म अग्ला विभिन्न प्रकृतिका पुलको फाउण्डेसन तथा सबस्ट्रक्चर र सुपरस्ट्रक्चरको काम भइरहेको जनाइएको छ । आयोजनाका लागि कुल १७ हजार ६५१ रोपनी जग्गा अधिग्रहण गनुपर्नेछ । जसमा व्यक्तिगत जग्गा ५ हजार ४८७ रोपनी रहेको छ । बुदुनेमा दुईवटा विश्रामस्थल तथा खोकना, बुदुने र निजगढमा एक/एक इनटरचेञ्ज र टोल प्लाजा निर्माण गरिनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ ७ गते सोमबार २० जनवरी २०२५ । षष्ठी, माघ कृष्णपक्ष । पोहेलागा ११४५ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:३३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : बादविवाद बढ्ने | **तुला** | : चिन्ता बढ्ने |
| **वृष** | : घरेलु काममा रुचि | **वृश्चिक** | : मान मर्यादामा वृद्धि |
| **मिथुन** | : प्रयासहरु फलदायी हुने | **धनु** | : लेनदेनको विवाद बढ्ने |
| **कर्कट** | : कुरा काट्नेहरु सक्रियता | **मकर** | : स्वास्थ्यमा सुधार हुने |
| **सिंह** | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | **कुम्भ** | : अध्ययनमा प्रगति हुने |
| **कन्या** | : अरुको विश्वास जित्न सकिने | **मीन** | : रोग एवम् चिन्ता बढ्ने |

# पूर्वराष्ट्रपतिको 'राजनीतिक सक्रियता'को सवाल



✍ केशव अधिकारी

दुई-दुई कार्यकाल राष्ट्रपतिजस्तो गरिमामय पदमा आसीन रहेकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी अब सक्रिय राजनीतिक जीवनमा आउने कुराले हालको राजनीतिको बजार तताएको छ । उनको सक्रिय राजनीतिमा फर्कने उद्घोषले नेकपा एमाले वृत्तमा कस्तो असर परेको छ ? भनेर भन्दा पनि भण्डारी सक्रिय राजनीतिक जीवनमा फर्कने उद्घोषले नेकपा एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीलाई भने धेरै नै असहज वतावरण बनाएको छ । त्यही कारणले प्रम ओलीले पूर्वराष्ट्रपति भण्डारीलाई सक्रिय राजनीतिमा नआउनको लागि अनुरोध गरे अनि सुझाव र चेतावनीसमेत दिन भ्याए । तर प्रम ओलीका यी कुनै पनि अस्त्र भण्डारीका लागि कामयावी बन्न सकेनन् र भण्डारीको सक्रिय राजनीतिमा फर्कने दृढ निश्चय कायम नै रहेको सुन्नमा आएको छ ।

हुन त विद्या भण्डारीलाई दुई-दुई कार्यकालका लागि राष्ट्रपतिको गरिमामय पदमा आसीन गराइरहन केपी शर्मा ओलीकै मुख्य हात रहेको कुरा सबैलाई अवगत नै छ । प्रम ओलीको बुझाइअनुसार विगतमा आफूले लगाएको त्यत्रो ठूलो गुनको बदला भण्डारीले पनि राजनीतिक सक्रियताको घेराबाहिरै बसिदिएर तिरेको भए जाती हुन्थ्यो भन्ने ओलीको आग्रह देखिन्छ । विद्याको राजनीतिक सक्रियतासँग प्रम ओली डराउनुको कारण आफूले विगतमा गरेका र भएका कर्तुतहरुको पोल खोलिएर सर्वत्र छताछुल्ल पो हुने हुन् कि भन्ने रहेको छ ।

यदि ओलीले आफ्नो मानसले सोचेको अनुसार नै कार्यक्रम भएका खण्डमा प्रम ओलीले राजनीतिबाटै हात धुनुपर्ने मात्र होइन कि सजाय भोग्नुपर्ने दिनसमेत नआउला भन्न सकिँदैन । यदि विद्याप्रतिको प्रम ओलीको सकारात्मक निषेध हो भनेचाहिँ त्यसको विपरीत त्यत्रो गरिमामय पदमा आसीन भएको व्यक्तित्वको सक्रिय राजनीतिमा ओर्लेपछिका दिनमा उक्त लोकप्रियता गुमेर नजाओस् भन्नका खातिर पनि ओलीले विद्यालाई सक्रिय राजनीतिमा नआउन चेतावनी दिँदै निषेधको बाटोबाट रोक लगाउन खोज्दै छन् भन्ने पनि बुझ्न सकिन्छ । अर्कोतिर नेकपा एमालेका धेरै कार्यकर्तामध्ये कोही प्रम ओलीको गुटमा छन् भने प्रम ओलीका जति धेरै नभए पनि केही वफादार कार्यकर्ता विद्या भण्डारीका पनि रहेका छन् । यदि ती दुवै गुटका कार्यकर्तालाई एकै ठाउँमा गोलबद्ध गर्ने हो भने निकै साहस बढाउने खालको वातावरण बन्ने हुन्थ्यो । यदि ती कार्यकर्ता विविध खेमामा विभाजित भएको खण्डमा प्रम ओली र पूर्वराष्ट्रपति भण्डारी दुवैलाई घाटा लाग्ने दूर दृष्टिको नजरले विश्लेषण गरेर पनि प्रम ओलीले विद्या भण्डारीलाई सक्रिय राजनीतिमा आउन निषेधको बारबेर गरेका हुन सक्छन् ।

यी सबै विषय त केवल प्रम ओली र पूर्वराष्ट्रपति भण्डारीबीचका बखेडाका विषय हुन् । आम जनताका नजरले हेरेर उद्घोष गर्दा पनि आखिर प्रश्न त उही र उस्तै रहने कुरा निश्चित हुन्छ । आखिर आफूलाई त्यति धेरै गुन लगाएर देशकै उच्च आसनमा बसाउनको लागि भरमग्दुर प्रयत्न गरी सफल भएका प्रधानमन्त्री ओलीले सकेसम्म सक्रिय राजनीतिमा आउनबाट निषेध गर्दागर्दै पनि भण्डारी आफ्नै हठमा अडिग रहेर सक्रिय राजनीतिमा फर्कने प्रयासमा लागेकी छन् । यस सक्रियताका दुई पाटा रहेका छन् । पहिलो सकारात्मक सोच वा विचारको पाटो पर्दछ । दोस्रो नकारात्मक सोचको पाटो पर्दछ । सकारात्मक सोचले राजनीतिमा सक्रिय हुँदै गर्दा नेपालको बदनाम भएको राजनीतिको भद्रगोल अवस्था, देशको अवस्था चुसिएर जर्जर भएको नेपाली जनताको मानस आदि कुरालाई आफ्नो स्वच्छ फदयले मनन गरेर, ती सारा विकृत अवस्थाको अन्त्य गर्ने सपना देखेर, आफू जतिसुकै संघर्षले भरिएको जीवनलाई पनि सार्थक जीवनमा रुपान्तरण गर्ने उद्देश्यले सक्रिय राजनीतिमा लाग्नु आफैँमा जायज निर्णय हो । यस्तो जायज निर्णयले सक्रिय राजनीतिमा लागेकी भए उनलाई नि:स्वार्थ भावले साथ दिने र सहयोग गर्ने लाखौं कार्यकर्ता तयार हुनेछन् ।

नेकपा एमाले नेपाली कांग्रेसपछिको ठूलो र कम्युनिस्ट सिद्धान्त बोकेको राजनीतिक दल हो । चुनावमा पनि आफैंले स्पष्ट बहुमत ल्याएर सरकारको नेतृत्व गरी आएको राजनीतिक दल हो । यसका संस्थापक नेता कमरेड पुष्पलालको ठूलै योगदान रहेको छ । यस राजनीतिक दललाई पुष्पलालपछिका विभिन्न कालखण्डमा कमरेड मदन भण्डारी, मनमोहन अधिकारीजस्ता नेतृत्वले जगेर्ना गर्ने काम गरेर आफ्नो महत्वपूर्ण भूमिका निभाएका थिए । उक्त कम्युनिस्ट पार्टीमा सामेल भएका र केही योगदानसमेत दिएका व्यक्तिहरुको योगदानलाई चटक्कै बिर्सेर यसका सञ्चालकहरुमा मोहको भावनाले नराम्ररी गाँजी झन्-झन् रसातलतिर डुबाउने काम हुन थालेको छ । आजसम्मका दिनमा आइपुग्दा एमाले पार्टी केवल नाम मात्रैको पार्टी बन्न पुगेको छ । हुन त आजको यो लेख तयार पार्दासम्मको घडीमा नेकपा एमालेकै अध्यक्ष केपी शर्मा ओली सत्ताको कुर्सीमा विराजमान रहेका छन् ।

पूर्वराष्ट्रपति विद्यालाई यही अवस्थाले चिमोटेर आफ्नो राजनीतिक दल (जसका कारण उनी दुई कार्यकालसम्म राष्ट्रपतिको गरिमामय कुर्सीमा विराजमान हुन पाएकी थिइन्) लाई दह्रो नेतृत्व दिई सबल र कामयावी बनाउँछु भन्ने सोचले आएकी हुन् भने आम नेपाली जनताले उनलाई भव्य स्वागतका साथ सहयोग गर्नेछन् । तर आफू र आफ्ना कार्यकर्ता सधैं इमानदारिताका साथ कर्ममा आस्था राख्ने हुन जरुरी छ । पैसाले किनेका कार्यकर्ता कोही पनि इमानदार हुँदैनन् । केही समय देखावटीरुपमा इमानदार भएजस्तो देखिए तापनि तिनले एकदिन अवश्य धोका दिनेछन् । नेकपा एमालेजत्तिको राजनीतिक दललाई जसले उचाइतिर उचालेर लैजानुको साटो रसातलतिर भसाउँदै गरेको अवस्था छ, त्यस्ता व्यक्तिलाई पनि पूरै नफरत गर्नुको साटो केही हदसम्म हातेमालो गरेर अगाडि बढ्न खोज्नु उचित हुनेछ ।

नेपाली जनता र नेपाल देशलाई सधैं शिरमा राखेर मन, बचन र कर्मले पार्टी सुदृढीकरणमा लाग्ने हो भने देशकै सर्वाधिक ठूलो राजनीतिक दलको रुपमा स्थापित हुन बेर लाग्नेछैन । यदि विद्या भण्डारीले नकारात्मक सोचले राजनीतिमा सक्रिय भूमिका खेल्ने कुरा उद्घोष गरेकी हुन् भने प्रम ओलीले गरेको आग्रह होस् वा दबाब वा चेतावनी जेसुकै होस्, त्यसैलाई मध्यनजर गर्दै राष्ट्रपति हुँदा उपलब्ध भएको सम्मानलाई यथावत्रुपमा जोगाएर बस्नु नै उचित हुनेछ । आफू दुई-दुई कार्यकाल राष्ट्रपति भएर अरु कसै अमुक व्यक्तिको जत्तिको सम्पत्ति जोड्न सकिएन, त्यसैले अब सक्रिय राजनीतिमा लागेर देश लुट्ने आफ्नो धोको पूरा गर्छु भन्ने अपवित्र लालसा बोकेर सक्रिय राजनीतिमा आउने कुरा हो भने आजभन्दा पहिलेका नेतृत्ववर्गहरुले जसरी देश लुटेर खाए, जनता दुहेर पिए, त्यस अवस्थाको अन्त्य निकट भविष्यमा भएरै छाड्नुपर्ने हुन्छ । खयर जनताले नलखेटे पनि पहिलेकाले जसरी लुट्ने अवसर शायद नपाउन सकिन्छ ।

विद्या भण्डारीको सक्रिय आगमनबाट नेपाल कम्युनिस्ट पार्टी एमालेले भ्रष्टाचाररहित समाज सिर्जना गर्न सक्ने सामर्थ्य राख्न सक्नुपर्नेछ । केवल नाराको रुपमा फलाको हालिने गरेको कम्युनिस्ट भनेका नक्कली कम्युनिस्ट मात्र हुन् । नक्कली कम्युनिस्टहरूलाई पाखा लगाएर खाँटी कम्युनिस्टले चलाएको राजनीतिक दल मात्र होइन कि सच्चा कम्युनिस्ट शासनको समेत परिकल्पना गर्न नसकिने होइन । तर लोभ र मोहका कारण गरिने अनेक दुष्कर्मले गर्दा हामीभित्रको सद्बुद्धि बेकारमा मरेर गइरहेको छ । मुर्झाएर जाँदै गरेको सद्बुद्धिलाई सही स्थान र सही तरिकाले उपयोग गर्न सकेको खण्डमा केही काम पनि असम्भव छैन भन्दा फरक पर्दैन । त्यसैले सक्रिय राजनीतिमा फर्कने उद्घोष गरिरहेको यो अवसरमा आम नेपालीको कौतुहलता भनेको विद्या भण्डारीले सक्रिय राजनीतिमा फर्कंदा कस्तो सोचले फर्कने हुन् ? त्यसले नै उनको भविष्यको चित्र निर्धारण गर्नेछ ।

कुनै पनि राजनीतिक दल भनेको कसैको बाउबाजेको बिर्ता हुँदै होइन । राजनीतिक दलभित्र हरेक विचारका मान्छेको आवागमन हुने भए तापनि नेतृत्वको विचार र व्यवहारले तिनलाई शतप्रतिशत प्रभावित बनाएको हुन्छ । विगतमा धरान नगरपालिकामा काम गर्ने कर्मचारी सबैजसो घुस्याहा थिए होलान् तर नगरप्रमुख निर्लोभी र नि:स्वार्थी आएपछि सबैले भित्रैदेखि नभए पनि देखावटीरुपमा निर्लोभी बन्न बाध्यात्मक अवस्था सिर्जना भएको देखिन्छ ।

विद्या भण्डारी सक्रिय राजनीतिमा फर्कने हुन् भने नेकपा एमाले पार्टीले आफ्ना कार्यकर्ता मात्र होइन कि नेकपा माओवादीबाट अलग भएर गएका विप्लव, बेग्लै राजनीतिक दल खोलेर पनि त्यसलाई औचित्यपूर्ण बनाउन असमर्थ रहेका बाबुराम भट्टराई प्रवृत्तिका सिद्धान्तत: अलग भएका नेतालाई समेत आकर्षण गरेर नेकपा एमालेमै एक्ताबद्ध गराउने प्रयासलाई सार्थक बनाउनु अनिवार्य छ । त्यति मात्र होइन कि विदेशी शक्तिकेन्द्रका दलाल बन्ने सबै कम्युनिस्ट पार्टीलाई नेकपा एमालेमै समाहित गराउन र एउटा बलियो र प्रभावशाली राजनीतिक दल स्थापना गराउन पाए देशमा राजनीतिक स्थायित्व समेत कायम राख्न सहयोग पुग्ने थियो । त्यही शक्तिशाली राजनीतिक दलले धेरै समय नभए पनि केवल एक दशक शासन सञ्चालन गरेर आम भ्रष्टाचारीलाई धमाधम कार्यवाही गर्नुका साथै आउँदा नयाँ पुस्ताको नेतृत्व गर्ने, नयाँ पुस्ताका सरकारी कर्मचारी साराका दिमागमा केवल आफ्नै कमाइले जीवन चलाउनुपर्छ, अनियमित काम गर्नु अपराध हो भन्ने कुराको हेक्का रहने गरी सोचमा आमूल परिवर्तन ल्याउनु आजको अपरिहार्य आवश्यकता हो । विद्या भण्डारीको सक्रिय राजनीतिक कर्मले यी सबै अपेक्षालाई सम्बोधन गर्न सकेको खण्डमा मात्र सार्थक आगमन हुनेछ ।

विद्याको सक्रिय राजनीतिक क्रियाकलापले नेपालका अन्य राजनीतिक दलहरूलाई खासै असर पार्नेछैन । असर पारे पनि छोटो समयको असरले खासै प्राथमिकता पाउने कुरा दृष्टिगोचर हुन सक्दैन । जुनसुकै राजनीतिक दलको पुरुष नेता शासक बने पनि नेपाली जनताले आशा गरेअनुसारका उन्नति-प्रगतिका काम हुन नसकिरहेको वर्तमान र भूतको अवस्थाको विश्लेषण गर्दा शासकको रुपमा महिला नेतालाई आसीन गराउन पाए स्थायी शान्ति र उन्नतिका काम हुने थिए कि भनेर स्वयं शासक बनेर अनि असफल शासन चलाएको आरोप लागेका पुरुष शासककै मुखबाट पनि बोलेको सुनिएका कुरा हुन् । यदि यो विषयलाई प्राथमिकताका साथ लिएर पूर्वराष्ट्रपतिलाई शासनको जिम्मेवारी सुम्पने स्थानसम्म पुर्‍याएर परीक्षण गर्दा धेरै हदसम्म सफल भएको खण्डमा उनको राजनीतिक सक्रियताको पाइलो शतप्रतिशत सफल भएको मानिनेछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# गगन थापा : च्यालेन्जर कि संस्थापनकै नयाँ अनुहार ?

✍ सरोज गौतम

नेपाली कांग्रेसका महामन्त्री गगन थापा नेपाली राजनीतिका चर्चा नगरी नहुने पात्र हुन् । उनी आफ्ना युवापुस्ता सहकर्मीलाई परिवर्तनको झंकारमा ललकार्दै राजनीति गर्दै आएका छन् । तर अहिले उनी एक असमञ्जसपूर्ण मोडमा छन् ।

प्रारम्भिक दिनहरूमा गगनले पार्टी र मुलुककै संस्थापनका अकर्मण्यता विरूद्ध विरोध र विद्रोहका माध्यमबाट आफूलाई परिवर्तनको प्रतीकका रूपमा स्थापित गरे । अहिले आएर उनले आफूलाई सत्तामा सुदृढ गराउन संस्थापनसँग मिल्ने राजनीति रोजेका छन् ।

गगनको राजनीतिक यात्रा एक समय खासगरी मिलेनियल पुस्ताको प्रेरणा बनेको थियो, जहाँ उनले आफ्नो आर्टिकुलेसन र सुझबुझपूर्ण विचार राख्दै संस्थापन विरुद्ध संघर्ष गर्दै नयाँ नेतृत्वको परिचय बनाएका थिए । तर अहिले उनका तर्क, व्यवहार र निर्णयहरूले उनी आफ्नो छवि धमिलो बनाउँदै गएका मात्र छैनन्, पुरानो सत्ताको संरचनामा समाहित हुँदै जान थालेका छन् । उनको प्रारम्भिक राजनीति एक यथार्थवादी र निडर विरोधमा आधारित थियो ।

गिरिजा कोइरालादेखि केपी ओलीसम्म, पुष्पकमल दाहालदेखि आफ्नै सभापति शेरबहादुर देउवासम्मको प्रखर आलोचना गर्ने गगनले महामन्त्री निर्वाचित हुँदासम्म आफैं सम्मिलित सरकारका गलत कामको विरोध गर्दथे । सम्भवत: आवश्यक पर्दा आफ्नै सभापति र आफ्नै सरकारको समेत सुझबुझपूर्ण आलोचना गर्न सक्ने खुबीले उनका प्रशंसक पार्टीभित्र मात्र होइन बाहिरको पंक्तिमा पनि थिए ।

उनले भ्रष्टाचार र अनियमितताका विरुद्ध सशक्त आवाज उठाए, चाहे त्यो केपी ओली नेतृत्व सरकारसँग जोडिएको भ्रष्टाचार जन्य ओम्नी प्रकरण होस् या आफ्नै पार्टीका नेताहरू मन्त्री हुँदा मोहनबहादुर बस्नेतका विरुद्ध । उनले निरन्तर रूपमा सार्वजनिक क्षेत्रको पारदर्शिता र सरकारी भ्रष्टाचारको खिलाफ सदनदेखि सञ्जालसम्म आवाज दिएका थिए तर आज गगन थापाले जुन आलोचनात्मक भूमिका अँगाल्न सकेका थिए, त्यसलाई विस्तारै अब गुमाउँदै गएका देखिन्छन् ।

रवि लामिछाने जोडिएको सहकारी ठगी प्रकरणमा गगन मुखरित भएर बाहिर आए । संसद्मा मात्र होइन संजालमा र बेलाबेलामा पत्रकार सम्मेलन गरेर त्यसका विरुद्ध आवाज उठाएका थिए तर उस्तै केस उनको पार्टीका उपसभापति धनराज गुरुङका विषयमा उस्तै रहेन ।

उनी बोलेनन् भन्ने आलोचना टार्ने गरी मात्र बोले । सार्वजनिक लेखा समितिका सभापतिका विषयमा उनले आफ्नो मुखसम्म खोल्न आवश्यक ठानेनन् । उनले नै जसको पक्षमा आवाज उठाउने हिम्मत राख्थे, आज उनी नै त्यस्ता व्यक्तिहरूसँग शान्तिपूर्वक सहकार्य गर्ने नियतिमा ओर्लिएका छन् ।

जब उनले अन्य पार्टीका नेताहरूको गलत गतिविधिहरूका विरुद्ध कडा टिप्पणी गरेका थिए, त्यसको पछाडि उनी आफ्नो नैतिक जिम्मेवारीलाई निभाउँछन् भनेर जनता विश्वास गर्थे । तर जब कुरा आफ्नै पार्टीका गम्भीर मुद्दाहरूको हुन्छ, गगनले आफ्नो मुख बन्द गर्न थालेका छन् । हिजो संसद् छलेर अध्यादेश ल्यायो भनेर आलोचना गर्ने उनी अहिले संसद् खोल्ने समयमा संसद् खोल्ने बैठक होइन, अध्यादेशको सहमति निर्माण गर्ने बैठकमा भेटिन्छन् ।

संसदीय चुनावमा रास्वपाका समर्थकहरूको समेत साथ पाएका उनले अहिले आफ्नो राजनीति रास्वपाको विरोधमा सीमित गरेका छन् । यसबीचमा, प्रधानमन्त्री देउवा र एमाले अध्यक्ष ओलीसँग उनको हालसालै देखिएको समझदारीले परिवर्तनको नेताका रूपमा निर्माण गरेको छविलाई कमजोर बनाएको छ ।

चुनाव प्रचारमा उनले पार्टी रूपान्तरणको वाचा गरेका थिए, तर अहिले उनी आफैं पुरानो कांग्रेसको प्रवक्ता जस्तै देखिन्छन् । उनका भाषणहरू विगत र वर्तमान बीच बाझिएका छन् । चार पटक सांसद बनेका थापाले एक समय पार्टी र सरकारको तीखा आलोचकका रूपमा आफ्नो छवि बनाएका थिए । तर आज उनी आलोचक होइन, सत्ताको संरक्षक जस्ता देखिन थालेका छन् । यसले उनको 'रूपान्तरणको नेता' को छविलाई गम्भीर प्रश्नचिह्नमा पार्दैछ ।

### शासकीय प्रणालीमा अस्पष्टता: नयाँ प्रस्ताव, पुराना भ्रम

गगन थापाले संविधान निर्माणताका आफूलाई प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको पक्षमा उभ्याएका थिए तर, उनी आबद्ध दलको संस्थागत मत संसदीय प्रणालीमा भएकाले नेपालको शासकीय स्वरूप केही सुधारिएको संसदीय प्रणाली बन्यो ।

अहिले संविधान संशोधनको बहस चलिरहेको बेलामा उनले एउटा अचम्मको प्रस्ताव गरेका छन् । उनका अनुसार व्यवस्था यही संसदीय प्रणाली नै रहनुपर्छ तर लोकप्रिय मत ल्याउनेले ५ वर्ष सरकार चलाउन पाउनुपर्छ । मानिलिऔं गगन थापालाई देशमा प्रधानमन्त्रीले ५ वर्ष सरकार चलाउन पाएन भन्ने चिन्ता हो भने उनले नै संविधान निर्माणताका बोकेको प्रत्यक्ष निर्वाचित कार्यकारीमै गए भैहाल्यो । होइन भने यही संसदीय प्रणालीलाई निरन्तरता दिए भइहाल्यो ।

जनताले प्रत्यक्ष कार्यकारी पनि चुन्न नपाउने अनि बहुमत नभए पनि ठूलो पार्टीले ५ वर्ष चलाउन पाउनुपर्छ भन्ने प्रस्तावको अर्थ के हो ? के अब कांग्रेस आफ्नो पुरानो मान्यताबाट हलचल भएको हो ? स्थिरताकै आवश्यकता हो भने सीधै जनतालाई कार्यकारी चुन्न दिए भइहाल्यो । यदि त्यस्तो होइन भने बहुमत पनि पुर्‍याउन नपर्ने, संसदीय व्यवस्थाको वकालतले कहीं कतै पुर्‍याउँदैन ।

### देउवा समूहमा भविष्य खोज्दै गगन ?

गगनले अघिल्लो महाधिवेशनमा शेखर कोइरालासँग समूह बनाएर प्रतिस्पर्धा गरेका थिए । शेखर पुन: सभापतिमा उठ्ने दाबी गरिरहेका छन् । अब शेखरको समूहबाट गगनले सभापति लड्ने सम्भावना कमजोर बन्दै गएको देखिन्छ । बरु त्योभन्दा धेरै उनी आफ्नो नेतृत्वको लागि आगामी महाधिवेशनमा देउवा गुटको समर्थन लिने संकेत दिएका छन् ।

एक त देउवा स्वयं सभापतिको लागि पुन: प्रतिस्पर्धा गर्दैनन् र उनले आफ्नो गुटको उत्तराधिकारी तोकेका छैनन् । तुलनात्मक रूपमा सभापतिको बलियो उम्मेदवार देउवा गुटमा छैनन् । तर सभापति चयनमा देउवा नै निर्णायक देखिन्छन् । नयाँ संस्थापनसँगको सहकार्यले गगन सभापति बन्नुका साथै देउवा पत्नी आरजु राणाको पनि व्यवस्थापन हुनसक्छ । अहिले गगनको लक्ष्य पार्टी सभापति बन्ने हो । यही नतिजाको लागि सत्ता र संस्थापनसँग सहकार्य गरिरहँदा उनलाई चुनौतीपूर्ण निर्णयहरूमा कहाँ उभिने भन्नेमा संकट परिरहेको देखिन्छ ।

आन्तरिक समीकरणको हिसाबकिताबमा गगन पोख्त नै छन् । तर उनले आफूलाई राम्रो सुधारको रूपमा स्थापित गर्न सकेका छैनन् । यद्यपि उनी आफूलाई कुन समय कुन कित्तामा उभ्याउने, राम्रोसँग सूचना राखिरहेका हुन्छन् । तर पनि गतिलो हिसाबकिताबले मात्र सधैं गतिलो परिणाम नल्याउन सक्छ ।

### पार्टीभित्र बलियो बन्दा पार्टी बाहिर कमजोर

गगन थापाको उदयको परिप्रेक्ष्यमा बाहिरी समर्थनको भूमिका अत्यन्त महत्वपूर्ण छ, जसले उनलाई कांग्रेसको एक प्रभावशाली नेता बनायो । उनीप्रति वैचारिक रूपमा भिन्न कित्तामा उभिएका व्यक्तिहरू जस्तै खगेन्द्र संग्रौला र डा. गोविन्द केसीले समेत कुनै समय उनको पक्षमा अपिल गरेका थिए ।

तर, अघिल्लो चुनावदेखि राष्ट्रिय चुनावसम्म उनको साथमा रहेको बाहिरी जनमत अहिले बालेन शाह र राष्ट्रिय स्वतन्त्र पार्टीको पक्षमा आकर्षित भइरहेको देखिन्छ ।

आजको दिनमा, लोकप्रियता र बाहिरी जनमतको हिसाबले गगन थापा तुलनात्मक रूपमा कमजोर देखिन्छन् । यो स्पेस काठमाडौं महानगरपालिकाका मेयर बालेन र रास्वपाले कब्जा गरिसकेको अवस्थामा गगन थापाको लागि कांग्रेसभित्र नयाँ अनुहारको रूपमा बलियो संस्थापनको नेता बन्नु अनिवार्य देखिन्छ । पार्टीभित्रको सुदृढ भूमिका विना उनको राजनीतिक सान्दर्भिकता कायम रहिरहन कठिन हुनेछ ।

संसदीय चुनावमा रास्वपाका समर्थकहरूको समेत साथ पाएका उनले अहिले आफ्नो राजनीति रास्वपाको विरोधमा सीमित गरेका छन् । यसबीचमा, प्रधानमन्त्री देउवा र एमाले अध्यक्ष ओलीसँग उनको हालसालै देखिएको समझदारीले परिवर्तनको नेताका रूपमा निर्माण गरेको उनको छविलाई कमजोर बनाएको छ ।

चुनाव प्रचारमा उनले पार्टी रूपान्तरणको वाचा गरेका थिए, तर अहिले उनी आफैं पुरानो कांग्रेसको प्रवक्ता जस्तै देखिन्छन् । उनका भाषणहरू विगत र वर्तमानबीच बाझिएका छन् । उदाहरणका लागि चार पटक सांसद बनेका थापाले एक समय पार्टी र सरकारका तीखा आलोचकका रूपमा आफ्नो छवि बनाएका थिए । तर आज, उनी आलोचक होइन, सत्ताको संरक्षक जस्ता देखिन थालेका छन् । यसले उनको 'रूपान्तरणको नेता' को छविलाई छायाँतिर धकेल्दैछ ।

*(साभार: अनलाइनखबर)*

### खतराको सूचीमा पर्नसक्ने चेतावनी :

# युनेस्कोलाई स्पष्टीकरण पठाउने तयारीमा लुम्बिनी विकास कोष

बुटवल/युनेस्कोको विश्व सम्पदा केन्द्रले मायादेवी मन्दिर र यससँगै रहेका सम्पदा क्षेत्र खतराको सूचिमा पर्ने सक्ने चेतावनीसहित माग गरेको ८ बुँदे स्पष्टीकरणको जवाफ (स्टेट अफ कन्जर्भेसन) दिने अन्तिम तयारीमा लुम्बिनी विकास कोष रहेको छ ।

युनेस्कोले बुद्ध जन्मस्थलसँग अभिन्न रुपमा जोडिएका मायादेवी मन्दिर, पवित्र उद्यान, अशोक स्तम्भ, मार्कर स्टोन र जन्म स्मारक शिला लगायतका सम्पदामा खराब भौतिक अवस्थाको कारणले खतराको सूचीमा राख्न सकिने जोखिम रहेको भनेर गत वर्ष जुलाईमा विकास कोषलाई स्पष्टीकरण सोधेको थियो ।



गत जुलाईमा भारतको दिल्लीमा भएको विश्व सम्पदा समितिको बैठकमा लुम्बिनीलाई खतरामा परेको विश्व सम्पदाको सूचीमा राख्ने प्रस्ताव गरिएपनि त्यसलाई तत्कालका लागि थाती राख्दै युनेस्कोले नेपाल सरकारलाई केही महिनाको समयसीमा दिएको थियो । यस्तै जापानी वास्तुविद् केन्जो टाङ्गेले तयार पारेको र सन् १९७० को दशकमा संयुक्त राष्ट्रसंघले अनुमोदन गरेको लुम्बिनी गुरुयोजनाको उल्लंघन गरी जथाभावी संरचना निर्माण गरेको विषय पनि युनेस्कोले उठाएको थियो ।

युनेस्कोले मायादेवी मन्दिरको अवस्था, वरपरको पवित्र उद्यानको अवस्था, अव्यवस्थित पूर्वाधार परियोजनाहरु र परिस्थिति सम्बोधन गर्न कोषका पदाधिकारी र कर्मचारीको पर्याप्त क्षमताको अभाव समेत औंल्याउँदै चिन्ता जाहेर गरेको थियो ।

युनेस्कोले विकास कोषलाई फराकिलो दायराको संस्था बनाउन नाम परिवर्तन गरी काउन्सिल बनाउनुपर्ने सुझाव समेत दिएको थियो । यस्तै लुम्बिनीमा विश्व सम्पदा सम्मेलन गर्न सुझाव दिइएको थियो । सन् २०२५ को फेब्रुअरी सम्ममा नेपालले युनेस्कोलाई यी विषयमा जवाफ (स्टेट अफ कन्जर्भेसन) दिनुपर्ने समय सीमा छ ।

समयसीमा सकिन केही साता बाँकी रहँदा लुम्बिनी विकास कोषले युनेस्कोले उठाएका सबै विषयको चित्तबुझ्दो र विश्वनीय जवाफ पठाउने गरी कार्य योजना निर्माण र प्रतिवेदन लेखनको काम अन्तिम चरणमा रहेको लुम्बिनी विकास कोषका वरिष्ठ प्रशासन प्रमुख ज्ञानिन राईले बताए ।

युनेस्कोले लुम्बिनी विकास कोषलाई मात्र नभई विश्व सम्पदा सूचिमा सूचिकृत सबैसँग हरेक वर्ष सम्पदा संरक्षणका लागि गरिनुपर्ने कार्ययोजना माग्ने गरेकाले यो नौलो र आत्तिनुपर्ने विषय नभएको उनले बताए । युनेस्कोले सुधार गर्न औंल्याए अनुसार मायादेवी मन्दिरलाई वाटर प्रुफिङ गरिएको र मन्दिरभित्र प्राचीन भग्नावशेषमा लागेका ढुसीको रासायनिक उपचार गर्न इटालीबाट विज्ञहरु ल्याएर एक महिनासम्म काम गरी सुधार गरिएको उनले बताए ।

यस्तै लुम्बिनीमा विश्व सम्पदा सम्मेलन गर्न दिइएको सुझाव अनुसार आउँदो अप्रिलमा सम्मेलन गर्नेगरी तयारी भइरहेको राईले जानकारी गराए । 'मायादेवी मन्दिरमा पानी चुहिने समस्या, मन्दिरको बाहिर बगैंचामा पानी जम्ने समस्या, अशोक स्तम्भको व्यवस्थापन तथा प्रार्थना कक्षका सम्बन्धमा युनेस्कोको गुनासो सम्बोधन हुने गरी विज्ञलाई एक महिना परिचालन गरेर सुधार गरेका छौं, समय सीमा भित्रै कार्ययोजना सहित जवाफ पठाउंछौं', राईले भने, 'सम्पदा प्रभाव मूल्याङ्कन सुझाव अक्षरशः पालना गरेका छौं, सम्पदा जोखिम न्यूनिकरण, वातावरण संरक्षण, भौतिक विकास, लुम्बिनी भित्रका विभिन्न समुदायको विकासको कार्ययोजना पनि अन्तिम चरणमा पुराएका छौं, जवाफ पठाएपछि लुम्बिनीको सम्पदा क्षेत्र खतराको सूचीमा पर्दैन भन्नेमा विश्वस्त छौं ।'

राईले लुम्बिनीका सम्पदालाई खतराको सूचीमा राख्नुको अर्थ विश्व सम्पदाकै सूचीबाट हटाउन लागिएको भन्ने अर्थ नलाग्ने बताए । युनेस्कोको चासो अनुसार मायादेवी मन्दिरभित्रबाट एअर कन्डिसन हटाएको उनले बताए । 'एअर कन्डिसनले ओसिलोपन बढाउंछ भन्ने विज्ञहरुको सुझाव अनुसार हटायौं, मन्दिरभित्र हावा आउजाउ हुने गरी भेन्टिलेसन सुधार गर्न र पानी बाहिर निकासीको दिगो तरिका खोज्ने काम पनि गरिरहेका छौं', राईले भने ।

कोषका वरिष्ठ पुरातत्व अधिकृत हिमाल उप्रेतीले युनेस्कोले विभिन्न ८ वटा पक्षमा चासो र खेपनि मायादेवी मन्दिर र यसभित्रका पुरातात्विक भग्नावशेषको संरक्षण मुख्य चासोको विषय रहेको बताए । सम्पदा संरक्षणका लागि कोषले मायादेवी मन्दिर र वरिपरिको क्षेत्रमा पानी जम्ने समस्या समाधानका लागि अटोमेटिक पम्प राख्ने काम गरिरहेको र एक हप्तामा पूरा हुने उप्रेतीले बताए ।

हालसम्म मन्दिर वरिपरि जम्मा हुने पानी कामदारले भांडोमा संकलन गरी नजिकैका ५ वटा पोखरीमा राख्ने गरेका थिए । 'मन्दिर रहेको ठाउंको समथर भौगोलिक अवस्था र जमिनको सतह लगत्तै तलपट्टि पर्याप्त पानीको मात्रा छ, पानीमा नुनको मात्रा बढी भएकाले सम्पदामा क्षति पुराउने प्राकृतिकरुपमै समस्या छ', उप्रेतीले भने, 'सम्पदालाई सुरक्षित गर्न संवेदनशील भएर काम गरेका छौं, सबै विधि अपनाएका छौं अटोमेटिक वाटर पम्प राखेपछि पानी जम्ने र जम्मा हुने समस्या समाधान हुने विश्वास छ ।'

प्राकृतिक पक्षबाट हुने समस्याको समाधान दिन कुनै विज्ञले नसकेकाले यो विषय युनेस्कोले पनि मनन् गर्ने उप्रेतीले बताए । पवित्र उद्यान क्षेत्रमा गुरुयोजना अनुसारका नयाँ संरचना बनाउनुअघि सम्पदा प्रभाव मूल्यांकन गरेर मात्र अनुमति दिने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरिएको र पवित्र उद्यान क्षेत्रलाई संरक्षित क्षेत्रमा सूचिकृत गर्न दिएको सुझाव पनि कार्यान्वयन भएको उप्रेतीले बताए ।

बुद्धको जन्मस्थललाई खतरामा रहेको विश्व सम्पदाको सूचीमा राखिने चेतावनी आउनु गम्भीर विषय भएकाले यसमा संवेदनशील भएर अन्तर्राष्ट्रिय समुदायलाई विश्वास दिलाउने गरी तत्काल परिपक्व जवाफ दिनुपर्ने बुद्ध जन्मस्थल लुम्बिनी निर्वाचन क्षेत्र रहेको रुपन्देही ५ का प्रतिनिधि सभा सदस्य बासुदेव घिमिरेले बताए । 'युनेस्कोले लुम्बिनीको सम्पदा क्षेत्रलाई खतराको सूचिमा राख्न सकिने चेतावनी दिनु सामान्य र हल्का विषय हुँदै होइन, लुम्बिनी विकास कोषसँगै संघीय सरकार यसमा संवेदनशील भएर समयसीमा भित्रै अन्तर्राष्ट्रिय समुदायलाई चित्तबुझ्दो जवाफ दिनुपर्छ', घिमिरेले भने ।

गत जुलाईमा भारतको दिल्लीमा युनेस्कोको विश्व सम्पदा समिति (डब्लुएचसी) को बैठकमा, विश्व सम्पदा सम्बन्धी मामिलाहरूमा युनेस्कोलाई सल्लाह दिने स्मारक तथा पुरातत्व स्थलहरूको अन्तर्राष्ट्रिय परिषद् (आइकोमोस) ले लुम्बिनीको बारेमा गम्भीर चिन्ता व्यक्त गरेको थियो ।

बैठकमा आइकोमोसले लुम्बिनीका मुख्य सम्पदाको 'विशिष्ट विश्वव्यापी मूल्य'मा उल्लेखनीय ह्रास भएको भन्दै खतरामा रहेको विश्व सम्पदाको सूचीमा राख्न प्रस्ताव गरेको थियो । तर अन्त्यमा समितिले बैठकमा उठेका चिन्ताहरू सम्बोधन गर्न नेपाललाई फेब्रुअरी २०२५ सम्म समय दिने निर्णय गरेको थियो ।

सन् २०२२ मा युनेस्कोको सबैभन्दा पछिल्लो अनुगमन टोलीले मायादेवी मन्दिरको आकार, डिजाइन, रङ, संरचनात्मक स्वरूप, भेन्टिलेसन र निकासका विद्यमान अवस्थाले विश्व सम्पदामा सम्मिलित मन्दिर परिसरको भौतिक र आध्यात्मिक पक्षमाथि नकारात्मक प्रभाव पारेको निष्कर्ष निकालेको थियो ।

युनेस्कोले मायादेवी मन्दिर क्षेत्र र वरपर रहेका उच्च जलस्तर र मन्दिरभित्र पानी पसेका कारण सिर्जना भएको ओसपूर्ण वातावरणबाट (पुरातात्विक) अवशेषमा क्षति पुग्ने सम्भावना रहेको भन्दै चिन्ता व्यक्त गरेको थियो । युनेस्कोको लुम्बिनीमा भएका यसअघिका अनुगमनहरूले पनि जल स्तरका कारण विशेषगरी मार्कर स्टोन वरपर सधैं भिजिरहने अवस्था आइपरेको र ढुसीका कारण इँट्टा/ढुङ्गाहरू हरियो देखिने गरेका उल्लेख गरेका छन् ।

लुम्बिनीको विश्वव्यापी महत्वमा सम्भावित नकारात्मक प्रभाव पार्ने गरी सम्पदा प्रभाव मूल्यांकन बिना नै पाँच हजार व्यक्ति अटाउने क्षमताको ध्यान र स्मारक हल निर्माण भएकोमा पनि युनेस्कोले असन्तुष्टी जनाएको थियो । तर कोषका वरिष्ठ पुरातत्व अधिकृत उप्रेतीले सभा हलले पुरातात्विक सम्पदा संरक्षणमा असर नगर्ने बताए ।

*(स्रोत: अनलाइनखबर)*

# अब्बल फिल्मका बाबजुद किन ठूलो घाटामा छ मलयालम इन्डस्ट्री ?

काठमाडौं/सन् २०२४ मा मलयालम इन्डस्ट्रीमा एकसेएक अब्बल फिल्म बने । 'आट्टम', 'प्रेमलु', 'ब्रह्मयुगम', 'आवेशम', 'मन्जुमेल ब्बायज', 'द गोट लाइफ', 'किष्किन्धा काण्डम' गत वर्षका व्यावसायिक रुपमा सफल र कथावाचनको हिसाबले उम्दा फिल्म मानिन्छन् । २०२४ को अन्त्यतिर आएको 'मार्को'लाई पनि ठूलो सफलता मिल्यो । यसलाई मलयालम इन्डस्ट्रीकै सबैभन्दा हिंसक फिल्म भनिएको छ ।




अघिल्ला वर्षको तुलनामा २०२४ मा मलयालम फिल्मको व्यापार केही सुखद रहृयो । तर, चल्नेभन्दा डुब्ने फिल्म नै धेरै भए । जसले गर्दा मलयालम इन्डस्ट्रीले ठूलो घाटा बेहोर्नुपरेको छ । केरला फिल्म प्रोड्यूसर्स एसोसिएशनले हालै जारी गरेको तथ्यांकअनुसार २०२४ मा मलयालम इन्डस्ट्रीलाई ७ सय करोड घाटा र जम्मा ३ सय करोड आम्दानी भएको छ ।

एसोसिएशनका अनुसार, गत वर्ष १९९ वटा फिल्म निर्माण भए । जसमध्ये २६ वटा फिल्म मात्र सफल भए । ती फिल्मको निर्माण लागत १ हजार करोड रहेकोमा त्यसबाट ३ सय करोड मात्र फिर्ता भयो । जसले गर्दा ७ सय करोड डुब्न पुगेको छ । प्रोडक्शनको बढ्दो लागत र कलाकारको बढ्दो पारिश्रमिकका कारण २०२४ मा ठूलो घाटा हुन पुगेको एसोसिएशनको निष्कर्ष छ ।

अघिल्लो वर्ष मलयालम इन्डस्ट्रीलाई सबैभन्दा ठूलो धक्का सुपरस्टार मोहनलालको फिल्म 'बारोज'ले दिएको थियो । १५० करोडमा बनेको फिल्मले २० करोड पनि कमाएन । बरु ३० करोडमा बनेको 'मार्को'ले वर्षको अन्त्य सुखद गरायो । गत वर्ष उच्च मुनाफा कमाउने मलयालम फिल्म भने 'प्रेमलु' हो । ३ करोडमा बनेको फिल्मले बजेटभन्दा ४५ गुणा बढी (१३६ करोड) कमाएको थियो ।

# भ्वाइसको स्टेजमा खेम सेन्चुरीको बहार, लोकसंगीत समेटिँदा दर्शकमा उत्साह

काठमाडौं/जुन दिनदेखि 'द भ्वाइस अफ नेपाल'को सिजन ६ मा कोचको नाम सार्वजनिक भयो, त्यही बेलादेखि सामाजिक संजालको टाइमलाइनमा बेग्लै उत्साह थियो । किनभने, दर्शकीय विविधता र रुचिलाई ख्याल राख्दै हिमालय टिभीले कोचको नाम सार्वजनिक गरेको थियो ।



राजु लामाको पुनरागमन होस् या खेम सेन्चुरीको डेब्यु, उदय सोताङ र मेलिना राईको निरन्तरताले दर्शकमाझ भ्वाइसको नयाँ संस्करणलाई लिएर पर्खाइ थियो । विशेषगरि, कोचको रुपमा लोकगायन क्षेत्रका हस्ती सेन्चुरीको नाम सार्वजनिक भएदेखि नै दर्शकले उत्साहपूर्ण स्वागत गरिरहेका थिए ।

यो उत्साहको छटा शुक्रबार राती ८ बजेदेखि भ्वाइसको युट्युवस्थित कमेन्ट सेक्सन होस् या सामाजिक संजालमा स्पष्ट देखिएको छ । लोकसंगीत क्षेत्रका पहिलो कोचको रुपमा सेन्चुरीको यो सहभागिताले भ्वाइसमा दर्शकीय रुचिलाई स्पष्ट तुल्याउँछ । प्रसारण भएको ब्लाइन्ड अडिसनमा समेत सेन्चुरीको आभा छचल्कियो ।

ब्लाइन्ड अडिसनको पहिलो भागमा अर्का कोच सोताङले सेन्चुरीलाई इन्डोर्स गरे । उनले भने- नेपाली गीत संगीत जगतमा एउटा ठूलै हलचल लिएर प्रस्तुत भएका, मीठो गीत गाउने, मीठो आवाज भएका, मीठो स्वर भएका एक कलाकार, एउटा गायक, एउटा संगीतकार, जसको नाम खेम सेन्चुरी । उहाँका सयौं गीत लोकप्रिय छन् । मीठा छन् र दर्शकले धेरै रुचाएका छन् । यो चानचुने कुरा होइन । युट्युवमा गएर हेर्नें हो भनेपनि उहाँका गीतहरूका भ्यूज करोडभन्दा माथि छन् ।'

अनि सेन्चुरीले आफूबारे भनेका छन्- गीतसंगीत भनेको नि मनको बह पोख्ने उत्कृष्ट माध्यम पनि हो । जसले अरुलाई खुसी बनाउँछ, भलै गाउने मान्छे दुःखी नै किन नहोस् । त्यस्तो आवाजको पहिचान गर्न सक्ने र १६ जना उत्कृष्ट आवाजको संग्रह गर्न सक्ने । त्यसैले त म यहाँ कोच बनेर आएको छु ।'

### सेन्चुरीलाई लिएर दर्शकमा व्यापक उत्साह

शुक्रबार युट्युवमा स्ट्रिमिङ भएको छैटौं सिजनको ब्लाइन्ड अडिसनको पहिलो एपिसोडमा शनिबार बेलुकासम्म कूल ८ हजार २०० भन्दा धेरै कमेन्ट प्राप्त भएका छन् । जसमध्ये ८० प्रतिशत कमेन्ट कोच सेन्चुरीलाई लिएर छ । दर्शकले उनको सहभागितालाई लिएर उत्साह व्यक्त गरेका छन् ।

धेरैले पहिलो एपिसोडमा खेमले निर्वाह गरेको कोचको भूमिकाको प्रशंसा गरेका छन् । जीवन पन्त नामक एक प्रयोगकर्ता लेख्छन्- खेम सेन्चुरीको पहिलो निर्णायक यात्रा खुब मनपर्‍यो । लोकगीतमै रमाएको भएर होला, खेमजीले कस्तो गर्नुहोला भन्ने खुब चिन्ता थियो । अब त मन ढुक्क भयो । बधाई छ खेमजी ।'

रेखा नामक एक दर्शकले सबै कोच अब्बल भएपनि लोक्दोहोरीले स्थान पाउँदा खुसी लागेको बताएकी छन् । राजेश बीके लेख्छन्- खेम दाई त्यो कुर्चीमा । आहा गर्वले छाती चौडा भयो । उत्तिकै क्षमता पनि रहेछ निर्णायकको भूमिकामा । यो हो नि लोकदोहोरीको पावर ।'

सुकपल देवान लेख्छन्- गीत निकै सुन्थैं दोहोरी तर खेम सेन्चुरी मैले देखेको थिएन रहेछु । आज देखें खुसी लाग्यो । वास्तवमा हाम्रो मौलिक संस्कृति भाखा भनेको लोकसंगीत हो । भ्वाइसले स्थान दिएको पाइयो शुभकामना ।' कतिपय दर्शकले छैटौं सिजनको विजेता सेन्चुरीकै टीमबाट भएको हेर्ने चाहना राखेका छन् ।'

दर्शकको स्वागत र स्नेहले कोचको रुपमा सेन्चुरीको भ्वाइस यात्रा निकै रोचक हुने अनुमान गर्न सकिन्छ । एकातिर, पहिलोपटक लोकगायन क्षेत्रको हस्तीलाई जजको रुपमा ल्याउनु र अर्कोतिर लोकसंगीत क्षेत्रलाई समेट्नुले भ्वाइस अफ नेपालको छैटौं सिजनमा दर्शकीय सहभागिता अझै बढ्न सक्ने अपेक्षा गर्न सकिन्छ ।

'दर्शकको रुचिअनुसारका कार्यक्रम ल्याउन हामी प्रतिबद्ध छौं । सोहीअनुसार दर्शकको रुचिलाई आत्मसात गर्दै हामीले यसपटक लोकसंगीत क्षेत्रका चर्चित व्यक्तित्व खेम सेन्चुरीलाई जजको रुपमा ल्याएका छौं' हिमालय टिभीका कार्यकारी निर्देशक श्याम कँडेलले भने, 'यसपटक लोकगायनलाई समेटेकोमा हामी खुसी छौं ।' भ्वाइसको छैटौं सिजनको पहिलो एपिसोडलाई अहिलेसम्म १३ लाख पटक हेरिएको छ ।

### करोड क्लबमा धेरै सुनिएको आवाज

सेन्चुरीले कम्पोज गरेका अधिकांश गीत करोड क्लबमा छन् । उनको पछिल्लो ब्लकबस्टर कम्पोज गीत 'म त ढलें ढलें'लाई युट्युवमा मात्र ५ करोडभन्दा धेरै पटक हेरिएको छ । यो गीत अहिले पनि युट्युव चार्टको नेपालतर्फ शीर्षस्थानमा छ । भ्वाइसको प्रेसमिटमा पनि सेन्चुरीले यो गीत गाएका थिए ।

उनका हिट गीत नै दर्जनौं छन् । उखु गुलियो, नन्दनी, झ्यालमा पर्दा छ, कपालु कोरेर, हान्छु तिमीलाई लौरीले, सोचे भैं जिन्दगी रैनछ, जाम साईली, 'सुर्ती माड्दै माड्दै गयो जोवन 'लरिलरिलै रुन्छु बरिलै, लगायत छन् । थुप्रै गीतहरुले त करोड क्लव प्रवेश गरिसकेका छन् त कति गर्ने वालामा छन् ।

२०६५/६६ सालदेखि सांगीतिक करिअर थालेका सेन्चुरीको पहिलो गीत 'भन्छु आज साथी मात्र हौ' हो । रुपन्देहीको रुद्रपुर १ मा जन्मिएका खेमले सानैदेखि हिन्दी गीत गाउँथे । एसएलसीपछि उनले लोकगीत गाउन थाले । राजु परियार, बिमाकुमारी दुरालाई पछ्याउँदै उनी करिअरमा अघि बढ्न थाले ।

सेन्चुरी यतिबेला लोकसंगीतका सबैभन्दा ब्यस्त नाम हुन् । उनी युट्युवमा नेपालमा सर्वाधिक धेरै स्ट्रिमिङ हुने गायक तथा संगीतकारमध्ये एक पर्छन् । स्पोटीफाईमा मासिकरुपमा उनलाई ४३ हजार ५०७ पटक सुनिन्छ । युट्युव र आइट्युन्समा पनि उनलाई पछ्याउनेको संख्या धेरै छ ।

# रेसुङ्गा विमानस्थलमा एक महिनादेखि हवाई सेवा बन्द




गुल्मी/गुल्मीको रेसुङ्गा विमानस्थलमा एक महिनादेखि हवाई सेवा बन्द भएको छ । नेपाल वायु सेवा निगम (नेपाल एयरलायन्स) सँग भएका दुईवटा ट्विनअटर जहाज ग्राउन्डेड भएपछि एक महिनादेखि जिल्लामा हवाई सेवा बन्द भएको हो । नेपाल वायु सेवा निगम रेसुङ्गा स्टेसन प्रमुख सुमन थापाले हवाई सेवा बन्द भएपछि यहाँका यात्रुहरू समस्यामा परेका बताए ।

निगमले विसं २०८० वैशाख २९ गतेदेखि गुल्मीमा व्यावसायिक उडान सुरु गरेपछि जिल्लामा हवाई सेवा सञ्चालनमा आएको थियो । निगमले जिल्लामा व्यावसायिक उडान सुरु गरेसँगै सातामा तीन पटकसम्म उडान गर्दै आएको थियो ।

यात्रुहरूको बढ्दो चापका कारण निगमले तत्कालीन अवस्थामा उडान संख्यामा वृद्धि गरी सातामा चारपटकसम्म उडान गर्दै आएको थियो । समय समयमा निगमका जहाज ग्राउन्डेड हुन थालेपछि सातामा दुईपटक र एकपटक हुँदै हाल जिल्लामा पूर्ण रूपमा हवाई उडान बन्द भएको हो ।

निगमसँग थोरै मात्र ट्विनअअटर जहाज रहेका बताउँदै जहाजहरूको इन्जिन साइकल सकिएपछि सेवा अवरुद्ध बनेका विमानस्थलका स्टेसन प्रमुख थापाले जानकारी दिए । दुईवटा ट्विनअटर जहाज ग्राउन्डेड भएका र ग्राउन्डेड भएका जहाजको मर्मत गर्ने काम भइरहेकाले जिल्लामा सेवा नियमित हुन अझ केही समय लाग्ने उनले बताए ।

पछिल्लो समयमा रेसुंगा विमानस्थलबाट निगमले साताका एकपटक बिहीबार मात्र उडान गर्दै आएको थियो । गुल्मीको रेसुंगा विमानस्थलमा नेपाल वायु सेवा निगमको १८ सिट क्षमताको ट्विनअटर जहाजले काठमाडौंबाट बिहान ६:३० बजे र रेसुंगा विमानस्थलबाट बिहान ७:३० बजे उडान गर्दै आइरहेको थियो ।

निगमले काठमाडौंबाट रेसुङ्गाका लागि सात हजार पाँच सय र रेसुंगाबाट काठमाडौंका लागि सात हजार तीन सय भाडादर निर्धारण गरेको छ । दिउँसोको समयमा अत्यधिक हावाको चाप हुने भएकाले बिहानको समयमा मात्र उडान गरिँदै आएको विमानस्थल कार्यालयले जनाएको छ ।

यहाँबाट काठमाडौंका लागि २१ महिनाको अवधिमा एकतर्फी रूपमा ९० वटा उडान भइसकेका छन् । हालसम्म दुवैतर्फबाट गरी दुई हजार दुई सय ५३ यात्रुले हवाई सेवा लिएका स्टेसन प्रमुख थापाले जानकारी दिए । पछिल्लो समयमा हवाई सेवा सुरु भएसँगै जिल्लामा आउने आन्तरिक एवं बाह्य पर्यटकको संख्यामा समेत वृद्धि हुँदै गएको थियो ।

हवाई सेवाका लागि यात्रुहरूको अत्यधिक चाप हुँदाहुँदै पनि निगममा जहाज अभाव हुँदा नियमित सेवा सञ्चालन गर्न नसकिएको थापाले बताए ।

# इरानको सर्वोच्च अदालतमा दुई न्यायाधीशको गोली हानी हत्या

तेहरान/इरानको तेहरानस्थित सर्वोच्च अदालतको भवनमा शनिबार भएको गोलीकाण्डमा दुई न्यायाधीशको मृत्यु भएको छ ।



सर्वोच्च अदालतका तीन न्यायाधीशलाई निशाना बनाइएको आक्रमणमा परी दुई जनाको मृत्यु भएको न्यायपालिकाको मिजान अनलाइन वेबसाइटमा जारी विज्ञप्तिमा उल्लेख छ ।

उक्त विज्ञप्तिमा आक्रमणमा संलग्न आक्रमणकारीले घटनालगत्तै आत्महत्या भएको जनाइएको छ । सरकारी समाचार संस्था इर्नाले पनि आक्रमणमा परी न्यायाधीशको मृत्य भएको र अन्य एक न्यायाधीश घाइते भएको जनाएको छ ।

मिजान अनलाइनका अनुसार मारिएका दुई न्यायाधीश अली रजिनी र मोहम्मद मोगिसेह हुन् । उनीहरूले 'राष्ट्रिय सुरक्षा, जासूसी र आतंकवादविरुद्धको अपराधसम्बन्धी' मुद्दाहरू हेर्ने गरेको पनि बताएको छ । उनीहरूको हत्याको कारण तत्काल स्पष्ट नभएको मिजानले जनाएको छ । आक्रमणकारीको पहिचानबारे थप जानकारी नदिई सर्वोच्च अदालतमा कुनै पनि मुद्दामा आक्रमणकारीको संलग्नता नरहेको उल्लेख गरेको छ ।

मिजानका अनुसार घटनाको अनुसन्धान सुरु गरिएको अधिकारीले बताएका छन् । अमेरिकी अर्थ मन्त्रालयका अनुसार ६८ वर्षीय वरिष्ठ न्यायाधीश मोगिसेहलाई सन् २०१९ मा संयुक्त राज्य अमेरिकाले 'अनगिन्ती अनुचित मार्गहरूको निरीक्षण गरेको भनी प्रतिबन्ध लगाएको थियो । उक्त समयमा आरोपहरूमा प्रमाणको अभाव रहेको भन्दै इरानले आरोपका खण्डन गरेको थियो । मिजानका अनुसार ७१ वर्षीय रजिनीले इरानको न्यायपालिकामा धेरै महत्त्वपूर्ण पदहरू सम्हालिसकेका थिए । यसअघि सन् १९९८ मा आक्रमणकारीहरूले उनको गाडीमा म्याग्नेटिक बम राखी हत्या प्रयास गरेका थिए ।

न्यायाधीशलाई लक्षित गरी हुने आक्रमण विरलै हुने भए तापनि इरानले पछिल्ला वर्षहरूमा उच्च पदस्थ व्यक्तिहरूलाई लक्षित गरी थुप्रै गोलीकाण्डहरू देखेको छ । गत अक्टोबरमा दक्षिणी शहर काजेरुनमा शुक्रबारको नमाजको नेतृत्व गरिरहेका एक शिया मुस्लिम उपदेशकको गोली हानी हत्या गरिएको थियो ।

सन् २०२३ को अप्रिलमा अब्बास अली सुलेमानी नाम गरेका एक शक्तिशाली धर्मगुरुको उत्तरी प्रान्त मजन्दरानको एक बैंकमा गोली हानी हत्या गरिएको थियो । सन् २००५ को अगष्टमा तेहरानको एक व्यस्त व्यापारिक क्षेत्रको बीचमा दुई जना बन्दुकधारीले प्रसिद्ध इरानी न्यायाधीश हसन मोघदासको हत्या गरेका थिए । उनको हत्यामा दोषी ठहर भएका दुई जनालाई दुई वर्षपछि फाँसी दिएर सार्वजनिक रूपमा मृत्युदण्ड दिइएको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# त्रिवि जहाँ प्राध्यापक र कर्मचारी नै डराउँछन् दलका विद्यार्थीसँग

काठमाडौं, ५ माघ/ 'विद्यार्थीबाट डराउनुपर्छ । कतिबेला के गर्छन् थाहा नै हुँदैन,' कीर्तिपुर स्थिति रजिस्ट्रार कार्यालयमा एक कर्मचारी बुधबार दिउँसो गुनासो गरिरहेका थिए, 'ठाउँठाउँमा दलका विद्यार्थीले ताला लगाएका छन्, बोल्यो कि पोल्यो ।'

ती कर्मचारीले यसो भनिरहँदा उपकुलपति केसरजंग बरालको कार्यकक्षमा एक हुल नेविसंघका विद्यार्थी पुगे । र, शिक्षाध्यक्ष खड्ग केसी, रजिस्ट्रार केदारप्रसाद रिजाललाई तथानाम गाली गरेर लेखिएको पर्चा ढोकामा टाँसे । 'उपकुलपतिको ढोकामा गएर हेर्नुहोस् न, विद्यार्थीले कस्तो शब्दमा लेखेको छ,' भीसी कार्यालयका एक कर्मचारीले भने ।




क्याम्पस प्रमुखमा नियुक्ति भएपछि पत्र बुझन आएका प्रमुखहरूको गुनासो पनि त्यही थियो । 'प्रमुख त भइयो । विद्यार्थीले कामै गर्न दिँदैनन्,' रजिस्ट्रार कार्यालयमा पुगेका एक क्याम्पस प्रमुख भनिरहेका थिए, 'केन्द्रमा भन्दा जिल्लामा झन धेरै विद्यार्थी संगठन छन् । यता नामै नसुनेका विद्यार्थी संगठन जिल्लामा छन् ।'

क्याम्पस प्रमुखमा नियुक्त भएकाहरू पनि विद्यार्थीको डरमा देखिन्थे । 'भीसी सरको सुरक्षाका लागि प्रहरी नै खटाउनु पऱ्यो । कति असुरक्षित बन्यो विश्वविद्यालय,' ती क्याम्पस प्रमुखले भने । विश्वविद्यालय शान्त क्षेत्र हुनुपर्ने हो तर अशान्त भएपछि सरकारले नै उपकुलपति बरालको सुरक्षाका लागि अंगरक्षक खटाएको छ ।

यो त पछिल्लो एक साताको मात्र प्रसंग हो । २०७७ सालमा विश्वविद्यालयकै प्राङ्गणमा विद्यार्थीको आक्रमणमा परेका उपप्राध्यापक प्रेम चलाउनेको घटना ताजै छ । उनी अझै न्यायको पर्खाइमा छन् । विद्यार्थीको तालाबन्दी, बन्द, हड्ताल र पदाधिकारीलाई विश्वविद्याय प्रवेशमा रोक लगाउने त सामान्य दैनिकी जस्तै बनेको त्रिविका कर्मचारीहरू बताउँछन् ।

'पदाधिकारी र क्याम्पस प्रमुखलाई मोसो दल्ने त विद्यार्थीको आदातै हो,' रजिस्ट्रार कार्यालयका एक कर्मचारीले भने, 'ताला लगाएको एक महिना भयो । ताला फोरेर भित्र छिरौं भने टाउको फोर्न विद्यार्थी आइपुग्छन् ।' यही अवधिमा मात्र काठमाडौं उपत्यकामा तीन वटा क्याम्पसका प्रमुख आफ्नो कार्यकक्षमा छिर्न पाएका छैनन् । कीर्तिपुरस्थित केन्द्रीय क्याम्पसका प्रिन्सिपल ध्यानेन्द्र राई र भक्तपुर क्याम्पस प्रमुख कविता लुइँटेललाई क्याम्पस प्रवेशमै रोक लगाइएको छ ।

त्रिचिन्द्र क्याम्पसमा भने आंशिक शिक्षकको तालाबन्दी छ । जसका कारण निलम श्रेष्ठ प्रधान कार्यकक्षमा छिर्न पाएकी छैनन् । शिक्षक र विद्यार्थीको भूमिका शैक्षिक गतिविधिमा हुनुपर्ने हो तर नियुक्ति, भागबन्डा जस्ता विषयलाई लिएर आन्दोलनमा उत्रने गरेका छन् । पछिल्लो एक महिनाको अवधिको कुरा हो । ८ वटा संकायमा डीन नियुक्ति गर्ने समयमा एमाले निकट विद्यार्थी संगठनका नेताहरू उपकुलपति बरालको ढोका अगाडि नै आएर धर्नामा बसे ।

क्याम्पस प्रमुखकको नियुक्तिको समयमा माओवादी लगायत प्रतिपक्षी दलका विद्यार्थीहरू शिक्षाध्यक्ष खड्ग केसीको कार्यकक्षमा धर्नामा बसे । त्रिवि कार्यकारी परिषद्ले क्याम्पस प्रमुख नियुक्ति गऱ्यो त्यसमा कांग्रेस निकटका प्राध्यापक नपरेको भनेर भीसी कार्यालयमा तथानम लेखिएको पोर्चा नेविसंघले टाँस्यो । 'विद्यार्थीको धम्की त कति आउँछ आउँछ । त्यसमा पनि सरकारमा रहेका दलका विद्यार्थीको त झन् धेरै आउँछ,' त्रिविका एक अधिकारी रेक्टर कार्यालयको प्राङ्गणमा भनिरहेका थिए, 'सामाजिक सञ्जालबाट त झन् बढी धम्की आउँछ । फेसबुक त हेर्नै सकिँदैन ।'

यी माथि कुरा गरेका व्यक्तिहरूले विद्यार्थीकै डरले आफ्नो परिचय खुलाउन चाहेनन् । यसबाटै त्रिविका पदाधाकारीदेखि कर्मचारीसम्म कति त्रासमा छन् भन्ने प्रष्ट हुन्छ ।

**मुख्य दोषी दलहरू**

त्रिविमा नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्र निकटका विद्यार्थीको दबदबा छ । दलहरूकै संरक्षणका कारण विद्यार्थी आतंक बढेको तर्क गर्छन् त्रिविका पूर्वउपकुलपति केदारभक्त माथेमा । 'दलका विद्यार्थीलाई माथिको संरक्षण छ । बिचरा पदाधिकारीले के गर्न सक्छन् र ? विद्यार्थीले खोज्नुपर्ने लाइब्रेरी, कक्षा, परीक्षा, पाठ्यक्रम, नतिजा हो, भागबन्डा खोज्ने होइन । त्रिवि नेतृत्वलाई दबाब पनि दिने होइन ।'

विद्यार्थीको हक अधिकारका विषय मात्र विद्यार्थीले उठाउनु पर्ने मत माथेमाको छ । 'नेतृत्वले आफूलाई उपयुक्त लागेको व्यक्ति छान्न पाउनु पर्छ । यो छान त्यो नछान भनेर विद्यार्थीले दबाब दिनु ठिक होइन,' माथेमाले भने । विद्यार्थीबाट त्रिविका पदाधिकारी असुरक्षित हुनुले कस्ता विद्यार्थी उत्पादन भइरहेका छन् भन्ने प्रष्ट भएको निचोड माथेमाको छ ।

'उपकुलपतिलाई सुरक्षा दिनुपर्ने स्थिति आउनु नै विडम्बना हो । विद्यार्थीको अराजकता बढ्दै गएको छ । कुन पार्टीको विद्यार्थीले गऱ्यो त्यो मतलब होइन । जसले गरे पनि राम्रो भएन । त्रिविको छवि बिगार्नु हुँदैन,' उनले भने, 'विद्यार्थीले सबै कुरा खोज्ने हो भने विश्वविद्यालय चलाउने जिम्मा नै विद्यार्थीलाई नै दिनुपर्छ ।'

**दलका नेताको स्वीकारोक्ति : विद्यार्थीको अराजकता बढ्यो**

प्रमुख दल कांग्रेस, एमाले र माओवादीका नेताहरू त्रिविमा विद्यार्थीको अराजकता बढेको स्वीकार गर्छन् । तर, आफ्नो पार्टी निकटका भन्दा अर्को पार्टी निकटका विद्यार्थीलाई अराजकता देख्छन् नेताहरू । सरकारको नेतृत्व गरि रहेको एमालेको केन्द्रीय कमिटीले नै विश्वविद्यालयमा बन्द हड्ताल नगर्ने निर्णय गरेको छ ।

'विद्यार्थीले शैक्षिक क्यालेन्डर लागु गराउन रचनात्मक दाबाब दिने हो । प्राज्ञिक थलोमा विकास गर्ने हो । हामीले बन्द हड्ताल नगर्ने निर्णय गरेको छौं,' एमाले शिक्षा विभाग प्रमुख पार्वती रावल भन्छिन्, 'एमाले निकटका विद्यार्थीबाट विश्वविद्यालयमा अराजक गतिविधि गरेको पाइएमा सचेत गराउँछौं ।'

माओवादी केन्द्रका शिक्षा विभाग प्रमुख मायाप्रसाद शर्मा आफ्नो पार्टी निकटका विद्यार्थीबाट गडबड नभएको दाबी गर्छन् । 'सरकार निकट विद्यार्थी संगठनले अराजकता मच्चाएका छन् । बन्द हड्ताल गर्ने गरेका छन्,' उनले भने । त्रिविमा विद्यार्थीबाट पदाधिकारी असुरक्षित रहेकोमा उनी जानकार छन् । 'कार्यालयमा भीसी जानै नसक्ने स्थिति छ । सुरक्षा दिनु परेको छ । सिनेट सिंहदरबारबाट चलाउने स्थिति आउनुले नै कति असुरक्षित छ भन्ने प्रष्ट हुन्छ,' उनले भने ।

कांग्रेसका शिक्षा विभाग प्रमुख नैनसिंह महर नियुक्तिको समयमा आफ्ना मान्छे भर्ती गर्न विद्यार्थीलाई गतिविधि सञ्चालन गर्ने वातवरण दिइरहेको स्वीकार गर्छन् । 'भर्ती गर्नका लागि विद्यार्थीलाई गतिविधि गर्ने वातवरण दिइरहेका छौं । त्यो राम्रो होइन,' उनले भने, 'विद्यार्थीले प्राज्ञिक माग राख्ने हो । प्राज्ञिक कुरा कार्यान्वयन गर्न नेतृत्व पनि प्राज्ञिक हुनुपर्छ ।'

विद्यार्थीको काम भागबन्डा र नियुक्तिमा लाग्न नहुनेमा नेताहरू पनि सहमत छन् । 'एमाले सरकारमा छ । शैक्षिक अराजकता नियन्त्रण गर्न एमाले प्रतिबद्ध छ । पढ्ने पढाउने वातवरण विद्यार्थीले बनाउने हो,' रावल भन्छिन् ।

'विद्यार्थीसंगठनलाई नियमन गर्ने दायित्व हाम्रो हो । राजनीतिक परिवर्तनका लागि पहिले आन्दोलन जायज थियो अहिलेको परिवेशमा विश्वविद्यालयमा आन्दोलन आवश्यक छैन,' शर्माले भने ।

**कसरी नियन्त्रण गर्ने त ?**

विद्यार्थीको अराजकता नियन्त्रण गर्ने दायित्व आफूहरूकै रहेको बताउँछन् नेताहरू । 'प्रमुख दलका प्रमुख नेताहरूलाई एक ठाउँमा राखेर साझा प्रतिबद्धता जनाउनुपर्छ । यो नगरेसम्म कुनै पनि भीसीले काम गर्न सक्ने अवस्था छैन । म नेविसंघको अध्यक्ष हुँदादेखि साझा प्रतिबद्धताको माग राख्दै आएको छु । अहिले पनि यही माग हो,' उनले भने ।

सुधारका लागि त्रिविका पदाधिकारी पनि जिम्मेवार हुनुपर्ने उनको तर्क छ । 'त्रिविमा पदाधिकारी खुला प्रतिस्पर्धाबाट हुनुपर्छ भनेर भन्दै आयौं । मेरिटोक्रेसी भनेर जसरी नियुक्त गरिएको छ त्यसमा प्रश्न उठेको छ । मेरिटको आधारमा एक नम्बरमा परेकोलाई नियुक्ति गुर्न पर्छ । जसले विद्यार्थीको आवाज पनि सम्बोधन गर्न सम्छ,' महरले भने, 'त्रिविको नेतृप पनि एकपक्ष हुनु भएन ।'

एमाले शिक्षा विभागको प्रमुख रावल विद्यार्थीको गुनासो सुन्ने युनिट राख्नुपर्ने बताउँछिन् । 'पदाधिकारीले विद्यार्थीको गुनासो सुन्ने युनिट राख्यो भने बन्द हड्तालको स्थिति आउँदैन,' उनले भनिन् ।

*(स्रोत: अनलाइनखबर)*

# आर्थिक र कुटनीतिले मुलुक सबैभन्दा अप्ठेरोमा छ : राजेन्द्र लिङ्देन



साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/राप्रपा अध्यक्ष तथा पूर्वउर्जा मन्त्री राजेनद्र लिङ्देनले देश सबैभन्दा अप्ठेरो अवस्थामा रहेको बताएका छन् । सामान्य आँखाले हेर्दा देश ठीकै देखिए पनि आँखाले नदेखिने ढंगले आर्थिक, कुटनीतिकलगायत कारण मुलुक अप्ठेरोमा रहेको उनले बताए ।

शनिवार हेटौंडामा अगुवा कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उनले राष्ट्रियता कमजोर मात्र नभएको र नेतृत्व गरि रहेका दलका कारण देश भूराजनीतिक चक्रब्यूमा परेको आरोप लगाए । युवा विदेशिने बढेकाले देश युवाविहीन अवस्थामा पुगेको उनले बताए ।

कांग्रेस-एमालेले भ्रष्टाचारको कारबाहीबाट जोगिन सरकार बनाएको घटनाक्रमले देखाएको लिङ्देनको आरोप छ । विगतका कुकर्मबाट दण्डित हुनबाट बच्न र भ्रष्टाचारलाई संस्थागत गर्न उनीहरु लागिपरेको लिङ्देनले आरोप लगाए ।

२०४६ सालको आन्दोलन पछि ल्याइएको व्यवस्थाले सीमित व्यक्ति र सीमित पार्टी नै देशको ठूलो समस्या बनेको उनले बताए । यो व्यवस्था नढाली नहुने लिङ्देनले बताए ।

मुलुकको लागि कांग्रेस, एमालेको विकल्प राप्रपा रहेको अध्यक्ष लिङ्देनको भनाई छ । नयाँ, पुराना दल भने पनि यही व्यवस्था मान्ने र राजनीतिलाई पेशा बनाउने एकै रहेको लिङ्देनको टिप्पणी छ । उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रति कटाक्ष गरे । 'नयाँहरु हामीले मात्रै खाएको हो, तिमिहरुले पनि खाएको छ नि भन्ने ठाउँमा पुगिसके' उनले भने ।

राष्ट्रियता, सुशासनसहित सबै विषयमा राप्रपा ठीक ठाउँमा रहेको लिङ्देनको दाबी थियो । पार्टीको पहिलो प्राथमिकता संगठन हुनुपर्ने बताए । संगठन ठीक नभए मुद्दा स्थापित नहुनेदेखि चुनाव जित्न पनि नसकिने उनको भनाई छ । राप्रपासँग एकीकरण गर्न राप्रपाको जस्तै अर्को पार्टी नभएको लिङ्देनले बताए । विचार मिल्नेहरु राप्रपामा समाहित हुन सकिने उनी बताउँछन् । आफू अध्यक्ष बनेपछि राप्रपालाई ठूलो दल बनाउन नसके पनि पार्टीलाई कमजोर हुन नदिएको अध्यक्ष लिङ्देनले दाबी गरे ।

# आफ्नो क्षेत्रको सांसद हराएको ब्यङ्ग्य गर्दै पूर्वमन्त्री दुलाल



साझाकुरा संवाददाता

हेटौंडा, ५ माघ/ बागमती प्रदेशका पूर्वमन्त्री, प्रदेशसभा सदस्य युवराज दुलालले आफ्नो निर्वाचनक्षेत्रका प्रतिनिधिसभा सदस्य हराएको गुनासो गरेका छन् । सिन्धुपाल्चोक क्षेत्र नम्बर २ (क) मा नेकपा माओवादी केन्द्रको तर्फबाट निर्वाचित प्रदेशसभा सदस्य दुलालले यस्तो गुनासो गरेका हुन् ।

दुलाल निर्वाचितक्षेत्रको प्रतिनिधिसभा सदस्य नेपाली कांग्रेसका मोहनबहादुर बस्नेत हुन् । बस्नेत २०७९ मा निर्वाचनक्षेत्र परिवर्तन गरेर क्षेत्र नम्बर २ बाट निर्वाचित भएका थिए । निर्वाचनका बेला त्यहाँ माओवादी र कांग्रेसबीच गठबन्धन थियो । गठबन्धन गरेर निर्वाचनमा सहभागी भएका दुलालले शनिबार सिन्धुपाल्चोकको बाह्रबिसेमा आयोजित पार्टीको खबरदारीसभालाई सम्बोधन गर्ने क्रममा प्रतिनिधिसभा सांसद हराएको गुनासो गरेका हुन् ।

सिन्धुपाल्चोक क्षेत्र नम्बर १ मा पर्ने बाह्रबिसे कांग्रेस सांसद बस्नेतको गृहपालिका पनि हो । उनकै गृहपालिकामा आयोजित सभामा बोल्दै पूर्वमन्त्री दुलालले भने, 'मैले बाह्रबिसेमा आज एउटा कुरा भन्नैपर्छ, मैले पनि भोट हालेर जिताएको मेरो क्षेत्रको प्रतिनिधिसभा सांसद अहिले हराउनुभएको छ । अहिले हुनुहुन्न । को भन्ने कुरा तपाईंहरुलाई थाहा होला ।'

बस्नेतलाई आफ्नो क्षेत्रमा लगेर जिताएकोमा आफूलाई केही कमजोरी महसुस भएको पनि पूर्वमन्त्री दुलालले बताएका छन् । 'मलाई अहिले कमजोरीको पनि महसुस भएको छ,' उनले भने । दुलालले सिन्धुपाल्चोक क्षेत्र नम्बर १ का सांसद माधव सापकोटालाई बस्नेतले दिएको धम्कीतर्फ लक्षित गर्दै भनेका छन्, 'यो आतंक, डर र त्राशको अभिव्यक्ति हो । हामी कोही चिन्तित हुनुपर्ने छैन ।' आत्तिएको बेलामा नहान्ने गोरुले पनि हान्ने उल्लेख गर्दै दुलालले भने, 'पुलिसको घेराभित्र बसेर भाषण गर्न सजिलो हुन्छ । जनताको बीचमा एक्लै जान सहज छैन ।'

# ६ महिनामा ३ लाख ९३ हजारले लिए श्रम स्वीकृति




काठमाडौं, ५ माघ/ ६ महिनाको अवधिमा ३ लाख ९३ हजार नेपालीले वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएका छन् । वैदेशिक रोजगार विभागका अनुसार चालु आर्थिक वर्षको साउनदेखि पुस महिनासम्मको अवधिमा ३ लाख ९३ हजार ६७ जनाले वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएका हुन् ।

विभागका अनुसार पुस महिनामा मात्रै ६७ हजार २५८ जनाले श्रम स्वीकृति लिँदा पुरुष ६० हजार १५३ जना र महिला ७ हजार १०५ जना रहेका छन् । जसमध्ये पुस महिनामा व्यक्तिगत तवरबाट १० हजार ८५ जना र मेनपावरबाट २९ हजार ३१८ जनाले वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएका छन् ।

यस्तै पुन: श्रम स्वीकृति लिनेको संख्या २७ हजार २०३ जना रहेको छ । यस्तै जीटुजी मार्फत ३ हजार ७५५ जनाले वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति पाएका छन् ।

६ महिनाको अवधिमा व्यक्तिगत तवरबाट वैदेशिक रोजगारीमा जानका लागि कुल ६४ हजार ४५९ जनाले श्रम स्वीकृति लिँदा मेनपावरबाट१ लाख ६१ हजार १६६ जनाले श्रम स्वीकृति लिएका छन् ।

यस्तै पुन: श्रम स्वीकृति लिनेको कुल संख्या १ लाख ६२ हजार ६२८ जना रहेको छ । यस्तै जीटुजीमार्फत वैदेशिक रोजगारीमा जानका लागि कुल ४ हजार ८१४ जनाले ६ महिनाको अवधिमा श्रम स्वीकृति लिएका छन् ।

अघिल्लो साता नेपाल राष्ट्र बैंकले पाँच महिनाकै अवधिमा विप्रेषण आप्रवाह ४.४ प्रतिशतले वृद्धि भई रु.६४० अर्ब ४३ करोड पुगेको जनाएको थियो । जस अनुसार अमेरिकी डलरमा विप्रेषण आप्रवाह २.५ प्रतिशतले वृद्धि भई ४ अर्ब ७३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह २१.१ प्रतिशतले बढेको थियो ।

यस्तै समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु ६९९ अर्ब ३४ करोड पुगेको तथा अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु.६६९ अर्ब ७७ करोड रहेको बैंकको भनाइ छ ।

*(स्रोत: रातोपाटी)*

# एक सातामा सुनको मूल्य ३८०० रुपैयाँ बढ्यो



काठमाडौं, ५ माघ/एक साताको अवधिमा नेपाली बजारमा सुनको मूल्य ३ हजार ८०० रुपैयाँ बढेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार गत शुक्रबारयता एक साताको अवधिमा सो मूल्य वृद्धि भएको हो ।

जसअनुसार पुस २६ गते छापावाल सुनको मूल्य तोलामा १ लाख ५४ हजार १०० रुपैयाँ कायम भएको थियो । तर, पुस ४ गते अर्थात यो साताको कारोबारको अन्तिम दिन शुक्रबार सुनको मूल्य तोलामा १ लाख ५७ हजार ९०० रुपैयाँ पुगेको हो । महासंघले शनिबारको लागि भने मूल्य कायम गर्ने गरेको छैन ।

महासंघको वेबसाइटमा उल्लेख भएअनुसार पुस २८ गते सुनको मूल्य तोलामा १ लाख ५५ हजार ७०० रुपैयाँ थियो । त्यसको भोलिपल्ट सुनको मूल्य तोलामा १ सय रुपैयाँ बढेर १ लाख ५५ हजार ८०० रुपैयाँ कायम भयो ।

यसैगरी माघ १ गते घटेर तोलामा १ लाख ५५ हजार रुपैयाँ कायम हुँदा २ गते १ लाख ५५ हजार ४०० रुपैयाँ कायम भयो भने ३ गते १ लाख ५६ हजार ६०० रुपैयाँ पुगेको महासंघको भनाइ छ । यस्तै शुक्रबार भने थप बढेर १ लाख ५७ हजार ९०० पुगेको हो । यसरी हेर्दा सातामा सुनको मूल्य उतारचढाव हुँदै कारोबारको अन्तिम दिन झण्डै १ लाख ५८ हजार नजिक पुगेको देखिन्छ ।

यस्तै चाँदीको मूल्य पनि उकालो लागेको छ । पुस २६ गते तोलामा १ हजार ८४५ रुपैयाँ कायम भएको चाँदी २८ र २९ गते १ हजार ८६०, माघ १ गते १ हजार ८२०, २ गते १ हजार ८३०, ३ गते १ हजार ८८० र ४ गते १ हजार ८९० रुपैयाँ कायम भएको महासंघले जनाएको छ ।

# कोशीका पूर्वमुख्यमन्त्री थापामाथि आक्रमण, विद्युत् प्राधिकरणका दुई कर्मचारी पक्राउ

विराटनगर, ५ माघ/ कोशी प्रदेशका पूर्वमुख्यमन्त्री तथा नेपाली कांग्रेस कोशी प्रदेश संसदीय दलका नेता उद्धव थापामाथि झापामा आक्रमण भएको छ ।

नेपाल प्रेस युनियन झापाले दोमुखामा आयोजना गरेको कार्यक्रमबाट फर्कनेक्रममा उनीमाथि सुरुङ्गा नजिकै आक्रमण भएको हो । आक्रमणबाट उनको निधारमा चोट लागेको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) कृष्णकुमार चन्दका अनुसार थापामाथि आक्रमण गर्ने दुई जना पक्राउ परेका छन् । पक्राउ पर्नेहरू नेपाल विद्युत् प्राधिकरणका कर्मचारी हुन् ।

बा १ झ ६५३ नं को गाडीमा सवार थापामाथि बा १ ञ १८७० मा सवार विद्युत् प्राधिकरणका चालक र सहयोगी कर्मचारीले आक्रमण गरेका थिए ।

निर्माणाधीन पूर्वपश्चिम राजमार्गमा भीआईपी गाडीले ओभर टेक गर्न खोज्दा आक्रमण भएको प्रहरीले बताएको छ ।

आक्रमणबाट निधारमा चोट लागेका थापा बिर्तासिटी अस्पतालमा उपचारपछि घर फर्किएका छन् ।

प्रहरीले तत्कालै दुई जनालाई पक्राउ गरेको थियो । तर सुरक्षाको कारण देखाउँदै उनीहरूको नाम सार्वजनिक गरेको छैन । पक्राउ परेकाहरूमाथि कानुन अनुसार कारबाही प्रक्रिया अघि बढाउने डीएसपी चन्दले बताए ।

## बिमा पोलिसी हराएको सूचना

यहि मिति २०८१ पुस २५ गते हेटौंडा-४, कान्तिराजपथदेखि हुप्राचौर जाने क्रममा मेरो निम्न व्यहोराको बिमालेख (बिमा पोलिसी) हराएको हुँदा फेला पार्नुहुने व्यक्तिले नजिकको प्रहरी कार्यालय अथवा तपशिलको नम्बर सम्पर्क गरिदिनुहुन् अनुरोध गरिन्छ ।

**बिमितको नाम:** गौरी बहादुर कार्की
**बिमा कम्पनी:** एसियन लाइफ इन्स्योरेन्स
**बिमा पोलिसी नम्बर:** ६२०९०००३२४०
**ठेगाना:** हाल हेटौंडा-९, मकवानपुर
**सम्पर्क नम्बर:** ९८४५२९५०८१

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना